नेपालको संवैधानिक अभ्यासलाई हेर्दा खाद्य वस्तुको अधिकारलाई छुट्टै अधिकारको रुपमा व्यवस्था नगरी जीवनको अधिकारको रुपमा नेपालको अन्तरिम विधान, २००७ देखि नै प्रत्याभूत गरिदै आएकोमा नेपालको अन्तरिम संविधान, २०६३ ले सर्वप्रथम खाद्य सम्प्रभुताको व्यवंस्था गर्दै धारा १८ ले रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक अन्तर्गत उपधारा (३) मा प्रत्येक नागरिकलाई कानूनमा व्यवस्था भए बमोजिम खाद्य सम्प्रभुत्ताको हक हुने व्यवस्था गरेको थियो भने वर्तमान नेपालको संविधान, २०७२ ले भाग ३ धारा ३६ मा खाद्य सम्बन्धी हकको व्यवस्था गर्दै खाद्य सम्प्रभुतालाई सोही हकमा समाविष्ट गरेको पाइन्छ।

**खाद्य सम्बन्धी हक धारा (३६) :**

(१) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ।

(२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ।

(३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ।

समग्रमा भन्दा पर्यावरणीय दिगोपनालाई मध्यनजर राखी उत्पादन गरिएका स्वस्थ्य र गुणस्तरीय खाद्य प्राप्त गर्ने जनताको अधिकारलाई खाद्य सम्प्रभुता भनिन्छ। अर्थात् यसले जसले खाद्यान्न उत्पादन गर्दछ, उसैलाई जमिन, भूमि, पानी, बिउ, पशुपालन र जैविक विविधताको प्रयोग र व्यवस्थापन गर्ने अधिकार प्रदान गर्दछ। खाद्य सम्प्रभुताले खाद्यान्न प्रणालीको स्वामित्व स्थानीय समुदायको हातमा छोड्नुपर्छ भन्ने कुराको वकालत गर्दछ। खाद्य सम्प्रभुताले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्र तथा बजारलाई प्राथमिकता दिई किसानहरूको सशक्तिकरणमा जोड दिन्छ।

**खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिका व्यवधानहरू**

विश्वले नै "खाद्य सम्प्रभुता" लाई मानवको आधारभूत अधिकारको रुपमा वकालत गरिरहदा पनि नेपाल जस्ता अल्पविकसित र विकासोन्मुख मुलुकमा खाद्य पदार्थको स्वस्थ्य र सहज आपूर्तिमा विभिन्न व्यवधानहरू देखिई "खाद्य सम्प्रभुता" को हकलाई ग्यारेन्टी गर्न सकिएको अवस्था छैन। नेपालजस्ता अल्पविकसित र विकासोन्मुख मुलुकमा खाद्य पदार्थको स्वस्थ्य र सहज आपूर्तिमा देखिएका विभिन्न व्यवधानहरू मध्ये प्रमुख व्यवधानहरू देहाय अनुसारका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ –

★ विकासोन्मुख मुलुकमा कृषि तथा पशुजन्य उत्पादनको व्यावसायीकरण, ग्रामीण पूर्वाधारहरूको विकास आदि मार्फत कृषिको उत्पादकत्व बढाई खाद्य सुरक्षा एवं पोषण आवश्यकताको सुनिश्चितता कायम गर्न नसक्नु।

★ खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिका लागि अत्यावश्यक मानिने बहुआयामिक आपूर्ति नीति, आन्तरिक व्यापार नीति जस्ता नीतिहरू र ती नीति अन्तर्गत प्रभावकारी कार्ययोजना तर्जुमा गरी कार्यान्वियनमा ल्याउन नसक्नु।

★ आपूर्तिमा गरिने वस्तुको मूल्य, गुणस्तर र तौलको निरन्तर रुपमा प्रभावकारी तरिकाले अनुगमन गर्ने संयन्त्रको विकास गरी आवश्यकता अनुसार बजार हस्तक्षेप गर्न नसक्दा कृत्रिम अभाव तथा कालो बजारी र अस्वभाविक मूल्य वृद्धिले प्रश्रय पाउनु।

★ अधिकांश अल्पविकसित र विकासोन्मुख मुलुक कृषि प्रधान मुलुकका रुपमा रहेता पनि कृषि क्षेत्रमा काम गर्ने जनशक्ति वैदेशिक रोजगारी लगायत अन्य व्यवसाय तर्फ आकृष्ट भई कृषिमा काम गर्ने श्रमिकको संख्यामा कमी आउनु।

★ छिमेकी मुलुकहरूले खाद्यान्न निर्यातमा प्रतिबन्ध लगाउने गरेको कारणले मुलुकमा अपुग खाद्यान्न आयात गर्न यस्ता मुलुकहरू असफल हुनु।

★ विकासोन्मुख मुलुकले आवश्यक खाद्य पदार्थको मागको प्रक्षेपण गरी समयमै ती खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिको वैकल्पिक व्यवस्थाबारे गृहकार्य गर्न नसक्नु।

★ विकासोन्मुख मुलुकको अर्थतन्त्र नै परनिर्भर अर्थतन्त्रको रुपमा गुज्रिरहेको सन्दर्भमा ती मुलुकहरूले खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिका लागि छुट्याउने गरेको बजेट नै अपर्याप्त हुनु।

★ खाद्यान्न उपभोगमा विविधिकरण हुन नसक्नु अर्थात् मानव स्वास्थ्यका लागि आवश्यक तत्वहरू पाइने सबैखाले खाद्य पदार्थको आवश्यकता अनुसार उपभोग गर्ने बानी विकास हुन नसक्नु।

★ आन्तरिक रुपमा उत्पादन गरिने खाद्य पदार्थ तथा बाहिरबाट आयात गरिने खाद्यान्न एवं सोको सहज आपूर्तिका लागि आवश्यक पर्ने पेट्रोलियम पदार्थ जस्ता अत्यावश्यक वस्तु आवश्यक परिमाणमा जगेडा राख्न नसक्नु।

★ अन्तर्राष्ट्रिय स्तरमा नै खाद्यान्नको उत्पादनमा आएको कमीले गर्दा खाद्य सुरक्षाको विषय दिनानुदिन जटिल र पेचिलो बन्दै जानु।

★ विकासोन्मुख मुलुकमा सरकारले सार्वजनिक वितरण प्रणालीलाई सुदृढ र व्यवस्थित गराउन नसक्नु।

★ मुलुकमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिको उद्देश्य लिएर जन्मिएका सार्वजनिक संस्थानहरूले आफ्नो उद्देश्य पूरा गर्न नसक्नु।

★ विकासोन्मुख मुलुकका दुर्गम क्षेत्रहरूमा खास गरी सडक यातायातको विस्तार हुन नसकेकोले ती

Question Bank Nepal

क्षेत्रहरूमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्ति झन् कठिन बन्नु ।

- ★ विकासोन्मुख मुलुकहरूले अत्यावश्यक उपभोग्य वस्तुको मूल्यमा हुने अस्वभाविक मूल्य वृद्धि नियन्त्रण गर्न बजार सिद्धान्त प्रतिकूल नहुने गरी विशेष परिस्थितिमा आधारमूल्य तोक्ने तर्फ आवश्यक कदम चाल्न नसक्नु ।
- ★ खाद्य पदार्थको स्वस्थ र सहज आपूर्तिलाई मध्यनजर गरी उपभोक्ता जागरण कार्यक्रमलाई देशभर अभियानको रुपमा सञ्चालन गर्न नसक्नु ।
- ★ विश्व खाद्य कार्यक्रम लगायतका बहुपक्षीय तथा क्षेत्रीय विकास साझेदारहरूले विकासोन्मुख मुलुकको खाद्य पदार्थको स्वस्थ र सहज आपूर्ति सम्बन्धी विभिन्न कार्यक्रममा चासो र सहयोग बढाएको भए पनि ती मुलुकहरूमा एकीकृत आपूर्ति र वितरण प्रणाली नहुनु ।
- ★ गरिबीको रेखामुनी रहेका दुर्गम तथा खाद्य न्यूनता भएका क्षेत्रका जनतालाई न्यायोचित रुपमा तोकिए बमोजिम सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउन नसक्नु ।
- ★ विकासोन्मुख मुलुकका दुर्गम क्षेत्रमा स्थानीय उत्पादन नै उपभोग गर्ने बानीको विकास गर्न खाद्य आहार परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम तथा खाद्यान्न आदान प्रदान कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नसक्नु ।
- ★ विकासोन्मुख मुलुकहरूले खाद्य पदार्थको स्वस्थ र सहज आपूर्ति सन्दर्भमा कृषिजन्य जैविक विविधताको संरक्षण सम्बर्द्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकूलन प्रविधिहरूको विकास एवं विस्तार गर्न नसक्दा पनि जलवायु परिवर्तन यस क्षेत्रका लागि एक टाउको दुखाइको रुपमा रहनु ।
- ★ उन्नत नश्ल सुधार, प्राङ्गारिक खेती, कृषि बजार, करार एवं सहकारी खेती, ठूला ठूला निजी कृषि फर्म, कृषि तथा पशुजन्य उद्योग, विषादीको सही प्रयोग जस्ता पक्षमा विकासोन्मुख मुलुकहरूको पर्याप्त रुपमा ध्यान पुऱ्याउन नसक्नु आदि ।

नेपाल लगायतका अल्पविकसित र विकासोन्मुख मुलुकहरूमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्ति सन्दर्भमा माथि उल्लेख गरिएका लगायतका विभिन्न बाधा व्यवधानहरू आइपरेको पाइन्छ । ती बाधा व्यवधानहरूलाई समयसापेक्ष रुपमा क्रमशः व्यवस्थापन गर्दै खाद्य सुरक्षाको प्रत्याभूति बढाउन संस्थागत सुधार, खाद्य भण्डारण तथा उत्पादन वृद्धि सम्बन्धी कार्यहरू अगाडि बढाउँदै प्रभावकारी संस्थागत एवं कानूनी व्यवस्था मार्फत कृत्रिम अभाव, कालोबजारी र अस्वभाविक मूल्य वृद्धिलाई नियन्त्रण गर्न सकेमा खाद्य पदार्थको स्वस्थ र सहज आपूर्ति गर्न सकिने कुरामा विश्वास लिन सकिन्छ ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. विकासोन्मुख मुलुकहरुको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिका बारे विवेचना गर्नुहोस् । (Discuss the role of the co-operative sector in the economic development of developing nations.)**

सहकारी शब्दले समान उद्देश्य, पेशा, व्यवसाय र वर्गका मानिसहरू संगसंगै मिलेर आफ्नो आर्थिक तथा सामाजिक विकास गर्न गरिने कार्यलाई बुझाउँदछ । सहकारी व्यवसायबाट व्यक्ति, परिवार, समूह/समुदाय/ समाज तथा राष्ट्रकै आय आर्जनमा वृद्धि भई राष्ट्रिय अर्थतन्त्र र उत्पादनमा पर्याप्त योगदान पुग्दछ । हाम्रो देश नेपाल जस्ता अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूको आर्थिक विकासमा सहकारी क्षेत्रको भूमिकालाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ –

(क) गरिबी निवारणमा सहयोगी भूमिका
(ख) रोजगारी सिर्जना
(ग) सामाजिक एकीकरणमा भूमिका
(घ) वातावरण संरक्षणमा भूमिका
(ङ) दिगो आर्थिक विकासमा भूमिका
(ङ) लोकतान्त्रिक कार्यढाँचाको विकास

सहकारी क्षेत्रले विकासोन्मुख मुलुकहरूको आर्थिक विकासमा खेल्ने माथी उल्लेखित प्रमुख भूमिकाको अलावा देहाय अनुसारका भूमिका पनि निर्वाह गर्दै मुलुकको आर्थिक विकासमा महत्वपूर्ण फड्को मार्न सहयोग पुऱ्याउने देखिन्छ –

- ★ मुलुक भरी छरिएर रहेको सीप, श्रोत र साधनलाई संगठित व्यवसाय मार्फत उच्चतम सदुपयोग गरी सहकारीलाई राष्ट्रिय अर्थतन्त्रको एक प्रमुख स्तम्भका रुपमा स्थापित गर्ने ।
- ★ शहरी तथा ग्रामिण क्षेत्रमा स्वरोजगारी तथा रोजगारी सिर्जना गर्दै गरिबी घटाउने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने ।
- ★ सहकारिताका माध्यामबाट विपन्न वर्ग र गरिब जनताको आर्थिक, सामाजिक एवं नैतिक उन्नती गर्ने ।
- ★ संगठित व्यवसायलाई सहकारी मार्फत संस्थागत रुपमा संचालन गर्दै त्यसबाट अझ बढी प्रतिफल प्राप्त गर्नका लागि आवश्यक कदमहरू चाल्ने ।
- ★ ग्रामिण क्षेत्रमा आफ्ना सदस्यहरुलाई बचत सङ्कलन तथा लघुकर्जामा पहुँच अभिवृद्धि गर्दै आफ्ना सदस्यहरूको आर्थिक र सामाजिक विकास गर्ने ।



Question Bank Nepal

★ विपन्न, महिला तथा अन्य लक्षित वर्गको जीवनस्तर उकास्नका लागि रोजगारी तथा स्वरोजगारीमा पहुँच अभिवृद्धि गर्ने ।

★ न्यून आय भएका वर्गहरू समूहमा मिलेर काम गर्ने पद्धतिको विकास गरी निर्वाहमुखी पेशालाई व्यवसायमुखी वनाउने ।

★ सहकारीता मार्फत स्वच्छ उत्पादन र शुद्ध व्यापारलाई प्रवर्द्धन गर्दै आर्थिक विकासका लागि उद्यमशीलताको विकास तथा उत्पादनमा वृद्धि गर्ने भूमिका ।

★ सहकारिता मार्फत समुदायिक भावनाको विकास गरी सामाजिक सेवा भावना जागृत गर्ने ।

★ सहकारी व्यवसायबाट बजार वा सरकारद्वारा सहज रुपमा उपलब्ध हुन नसकेका जनआवश्यकताका वस्तु र सेवा उचित मूल्य र गुणस्तरमा उपलब्ध गराउन सकिन्छ ।

★ सहकारिता मार्फत स्वरोजगारका अवसरहरू सिर्जना गरी जनतालाई स्वावलम्बी एवं आत्मनिर्भर गराउँदै गाउँको विकास, क्षेत्रको विकास र समग्र राष्ट्रको विकासमा टेवा पुऱ्याउने ।

★ सहकारी क्षेत्रका उद्योग, व्यवसाय उत्पादनमूलक क्रियाकलापहरू मार्फत आर्थिक वृद्धि तथा राष्ट्रिय विकासमा योगदान पुऱ्याउने ।

★ व्यक्तिहरूबीच छरिएर रहेको सानो सानो रकम बचत गर्दा लगानीयोग्य पुँजी निर्माण हुन गई राष्ट्रिय गौरव र पूर्वाधारका योजनामा लगानी गर्न सहयोग मिल्छ ।

★ सहकारीता मार्फत कृषि, बैङ्किङ, पूर्वाधार, पर्यटन, सूचना प्रविधि, विद्युतलगायतका हरेक क्षेत्रमा लगानी प्रवर्द्धनद्वारा राष्ट्र निर्माणमा योगदान गर्न सकिन्छ आदि ।

**५. गरिबी र बेरोजगारीबीचको अन्तरसम्बन्ध प्रस्ट्याउँदै यी दुवैको न्यूनीकरणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् ।(Clearly present the interrelationship between poverty and unemployment and suggest the effective measures for minimizing both of them.)**

### गरिबी र बेरोजगरीबीचको अन्तरसम्बन्ध

*"गरिबी र बेरोजगारी कुनै पनि समाजका असक्षम सन्तानहरू हुन् जसले समाजलाई सभ्य एवम् समृद्ध हुनुबाट रोक्दछन् ।"*

गरिबी र बेरोजगारी बीच सकारात्मक अन्तरसम्बन्ध रहेको छ, गरिबीले गर्दा मानिस बेरोजगार हुन पुग्दछ भने बेरोजगारीले गर्दा मानिस गरिबीको अवस्थाबाट माथि उठ्न सक्दैन । जब मानिस गरिब हुन्छ उसको जीवनको अधिकांश समय जीवन निर्वाहका लागि परिश्रम गर्दा र बाधाहरूसँग लड्दैमा बित्दछ । गरिबीकै कारण मानिसले स्वास्थ्य रहनका लागि आवश्यक पर्ने पोषणयुक्त खाना प्राप्त गर्न सक्दैन र शारीरिक एवम् मानसिक स्वास्थ्यका हिसाबले कमजोर एवम् अस्वस्थ हुन पुग्दछ । फलतः उसले कुनै किसिमको काम गर्न सक्ने क्षमता राख्दैछ र ऊ बेरोजगार बन्न पुग्छ ।

गरिबीकै कारणले गर्दा व्यक्तिले उचित शिक्षा प्राप्त गर्न एवम् क्षमता विकास गर्न सक्दैन । फलस्वरुप उसले रोजगारी प्राप्त गर्न सक्दैन र प्राप्त गरिहालेमा पनि न्यून वेतनमा निकृष्ट किसिमको श्रम गर्न ऊ बाध्य हुन पुग्दछ । त्यस्तै गरी बेरोजगार व्यक्तिले आर्थिक अभावमा आफ्ना दैनिक आवश्यकता एवम् क्षमता विकासका लागि खर्च जुटाउन सक्दैन । फलतः ऊ गरिब बन्न पुग्दछ ।

गरिबी र बेरोजगारीको बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ यी दुवैले कुनै पनि समाजमा उपस्थिति एकैसाथ जनाउँदछन् । किनकी एकको अभावमा अर्को रहन सक्दैनन् । जस्तो यदि मानिस आर्थिक रुपले सम्पन्न छ भने उसले रोजगारीका लागि भौतारिइरहनु पर्दैन आफूँसँग भएको आर्थिक स्रोत लगानी गरेर स्वरोजगार बन्न सक्छ भने मानिस रोजगार भएमा रोजगारीबाट प्राप्त आयले उसले आफ्ना आवश्यकता परिपूर्ति गर्दै आफ्नो क्षमता विकासमार्फत जीवन स्तरमा सुधार ल्याउन सक्दछ जसले गर्दा ऊ गरिबीको स्तरभन्दा माथि रहेको हुन्छ ।

गरिबी र बेरोजगारी नितान्त व्यक्तिगत समस्या मात्र नभएर समग्र समाज र राष्ट्रकै समस्या हुन् । यिनीहरुले समाज र राष्ट्रलाई समुन्नत हुनबाट रोक्दछन् किनकी राज्यले आफ्नो बजेटको ठूलै हिस्सा उनीहरूको (गरिब र बेरोजगार) संरक्षणका लागि लगाउनुपर्ने हुन्छ ।

गरिबी र बेरोजगारीले गर्दा व्यक्ति गरिबीको दुष्चक्र (Vicious Circle of Poverty) बाट माथि उठ्न सक्दैन किनकी गरिब हुनुको कारण व्यक्तिले शारीरिक एवम् मानसिक (स्वास्थ्य र शिक्षा) का दृष्टिले आफूलाई सक्षम बनाउन सक्दैन । फलस्वरुप उसले रोजगारी प्राप्त गर्न सक्दैन र ऊ पुनः गरिबीकै अवस्थामा फर्कन्छ । यहाँ बेरोजगारी भन्नाले व्यक्तिले कुनै पनि काम प्राप्त गर्न नसकेको अवस्था मात्र नभएर आफ्नो क्षमता भन्दा (कम) तल्लो स्तरको काम, न्यून पारिश्रमिक प्राप्त हुने गरी गरिने काम एवम् अर्ध तथा लुकेको बेरोजगारीलाई समेत बुझिन्छ ।

### गरिबी न्यूनीकरणका प्रभावकारी उपायहरू

★ सार्वजनिक श्रोतलाई पारदर्शी एवम् सदाचार पूर्ण तारिकाले पूर्वाधार विकास एवम् उत्पादनशील क्षेत्रमा खर्च गर्नुपर्ने,

Question Bank Nepal

- ★ जनताको आवश्यकतामा आधारित गरिबी निवारणका कार्यक्रमहरू निरन्तर रुपमा सञ्चालन गर्नुपर्ने,
- ★ कृषिको व्यावसायिकरण र विविधिकरण गर्ने कार्यमा जोड दिई कृषि उपजको बजारीकरणको व्यवस्था गर्ने,
- ★ समावेशीकरण एवम् जनताको सभागितामा आधारित कार्यक्रमहरू सञ्चालन गरी उत्पादनका साधनहरूमा गरिबको पहुँच बढाउने,
- ★ साना तथा घरेलु उद्योगको विकास एवम् यी क्षेत्रमा स्वरोजगारी सिर्जनाका लागि लघु कर्जा कार्यक्रम, ठूला उद्योगमा लागनीको वातावरण सिर्जना गरी रोजगारी सिर्जनामा सघाउ पुऱ्याउने,
- ★ दिगो पर्यटन विकासका लागि पूर्वाधारको विकास, पर्यटन सुरक्षा एवम् गन्तव्यस्थलहरूको विकास गर्ने एवम् ग्रामीण पर्यटनमा जोड दिई होमस्टे कार्यक्रम प्रवर्द्धन गर्ने,
- ★ गरिबी निवारणका लागि जलविद्युतको क्षेत्रमा लगानी बढाउने जसले गर्दा रोजगार सिर्जना एवम् उद्योग, शिक्षा, स्वास्थ्य, पर्यटन, व्यापार, कृषि जस्ता क्षेत्रको विकासमा सघाउ पुग्दछ,
- ★ वैज्ञानिक, व्यवहारिक र व्यावसायिक शिक्षामा जोड दिई सोही अनुरुपमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने,
- ★ पिछडिएका समुदाय, दलित, भूमिहीन, आय र अवसरमा पहुँच नभएका मानिसलाई सामाजिक विकासका कार्यमा सहभागी बनाउने र लाभका हिस्सेदार बनाउने,
- ★ स्थानीय निकायहरू जनतासँग निकट रहने हुँदा जनताको स्तर र आवश्यकताको बारेमा स्थानीय निकाय बढी जानकार हुने हुँदा गरिबी निवारणका लागि स्थानीय निकायको संस्थागत विकास एवम् सबलीकरण पनि गर्नुपर्ने देखिन्छ,
- ★ उद्योग, धन्दा एवम् व्यावसायिक विकासका लागि निजी एवम् सहकारी क्षेत्रलाई सक्रिय बनाउने आदि ।

**बेरोजगारी न्यूनीकरणका प्रभावकारी उपायहरू**

- ★ देशमा राजनीतिक स्थिरता कायम गरी निजी क्षेत्र, उद्योग, व्यापार, व्यवसाय एवम् सेवा क्षेत्रको विकासका लागि अनुकूल वातावरणको सिर्जना गर्ने,
- ★ वैज्ञानिक, व्यावसायिक, व्यहावरिक एवम् प्राविधिक शिक्षा प्रणाली मार्फत दक्ष जनशक्ति उत्पादनका लागि शैक्षिक नीति बनाउने,
- ★ कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरण गर्न ठोस कदम चाल्नुपर्ने,
- ★ औद्योगिक क्षेत्रमा शान्ति सुरक्षा एवम् खराब श्रम सम्बन्धका कारण कतिपय Multinational Company ले आफ्नो लगानी फिर्ता गरिरहेको अवस्थामा शान्ति सुरक्षा एवम् सुमधुर सम्बन्ध निर्माण गरी लागनीमैत्री वातावरण सिर्जना गर्ने,
- ★ विभिन्न किसिमका उद्यमशीलता विकास एवम् सीप विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी युवाहरूलाई स्वरोजगार बन्न प्रेरित गर्ने,
- ★ रोजगारीका लागि आवश्यक आर्थिक एवम् व्यवस्थापकीय सहयोग उपलब्ध गराई सक्षम, सीपयुक्त जनशक्तिहरू वैदेशिक रोजगारीमा पठाउने,
- ★ बढ्दो जनसंख्या नियन्त्रणका लागि प्रभावकारी उपायहरू अपनाउने,
- ★ वैज्ञानिक भूमिसुधार सम्बन्धी व्यवस्था लागू गर्ने,
- ★ गैर आवासीय नेपालीहरूलाई लगानीका लागि उत्प्रेरित गरी श्रम बजारको विस्तार गर्ने,
- ★ वैदेशिक रोजगारीलाई सुरक्षित गन्तव्यको रुपमा विकास गर्नको लागि थप मुलुकसँग श्रम सम्झौता गर्ने र विदेशबाट भित्रिने Remmittance लाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने आदि ।

अन्त्यमा हाम्रो मुलुक विकासमा पछाडि पर्नुको विभिन्न कारणहरू मध्ये हाम्रो आर्थिक एवम् मानवीय गरिबी र बेराजगारीलाई प्रमुख कारणको रुपमा लिन सकिन्छ । त्यसैले राजनीतिक एवम् प्रशासनिक संयन्त्रमा सुशासनको प्रत्याभूति गरी लक्षित समुदायको वास्तविक अवस्था एवम् आवश्यकतामा आधारित पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्दै गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्न सकिएमा बेरोजगारीको अन्त्य गर्न र गरिबी निवारण गर्नमा सहयोग पुग्न जाने देखिन्छ ।

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

**६. मानव विकासका सूचकाङ्कहरु उल्लेख गर्नुहोस् । साथै सामाजिक आर्थिक विकासको साधन र साध्य मानव नै हो भन्ने भनाइलाई पुष्टि गर्नुहोस् । (Write down the human development indicators and also justify that human is both the means and ends of the social-economic development.)**

**मानव विकास सुचकांक (HDI)**

मानव विकास सूचकांक (HDI) मानव जीवनका अपेक्षा, शिक्षा र आय सूचकांकलाई प्रयोग गरेर निकालिएको समग्र तथ्यांकले कुनै पनि देशको मानव विकास निकाल्ने गरिन्छ । मानव विकास सूचकांकलाई सन् १९९० मा पाकिस्तानी अर्थशास्त्री महबुब उल हक र भातरीय अर्थशास्त्री अमर्त्य सेनद्वारा सिर्जना गरिएको थियो र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमा प्रकाशित भएको थियो ।

सन् २०१० मा मानव विकास प्रतिवेदनमा असमान समायोजित मानव विकास सूचकांक पनि उपयोगी रहेको छ

तर HDI को उपायोगले मानव विकासको वास्तविक तह (असमानताको लागि लेखांकन) र क्षमता निकाल्न सकिन्छ ।

मानव विकास सूचकांक (Human Development Index) भन्नाले मानव विकासको सारांशीकृत मापनलाई बुझिन्छ । HDI ले मानव विकासको तीन आधारभूत आयामहरूमा कुनै पनि देशको औसत उपलब्धीहरूको मापन गर्दछ । ती तीन आयामहरूमा स्वस्थ र दीर्घ जीवन (Life expectancy), ज्ञानमा पहुँच (Education /Literacy Rate) र जीवनको गुणस्तरयुक्त मापदण्ड (Income) पर्दछन् । यिनै सुचकांकहरूको विश्लेषणका आधारमा UNDP ले सन् १९९० देखि हरेक वर्ष निरन्तर रुपमा मानव विकास प्रतिवेदन प्रकाशित गरेको पाइन्छ ।

जसमा विश्वभरका मुलुकहरूको मानव विकासको अवस्थालाई अति उच्च, उच्च, मध्यम र न्यून गरी चार समूहमा विभाजन गरिएको छ । HDI अन्तर्गत समावेश गरिने माथि उल्लेखित तीन आयामहरू Life expectancy, Education, Literacy and Income लाई देहाय बमोजिम राजनीतिक, सामाजिक, आर्थिक एवं पर्यायवरणीय सूचकांकको रुपमा पनि प्रस्तुत गर्ने गरेको पाइन्छ ।

| राजनैतिक सूचकांक | सामाजिक सूचकांक |
|---|---|
| • राजनैतिक स्वतन्त्रता<br>• निष्पक्ष निर्वाचन<br>• मानव अधिकारको प्रत्याभूति | • औसत आयू लम्ब्याउने<br>• साक्षरता बढाउने<br>• तालिमबाट सीप विकास<br>• रोजगारीको अवसर सिर्जना<br>• गरिबी निवारण<br>• बाल मृत्युदर घटाउने |
| **आर्थिक सूचकांक** | **पर्यायवरणीय सूचकांक** |
| • प्रतिव्यक्ति आय<br>• कुल गार्हस्थ उत्पादन (GDP)<br>• पूर्वाधार विकास तथा भौतिक प्रगति | • दिगो विकास<br>• स्वच्छ पिउने पानी |

HDI को निर्धारण दुईवटा चरणहरूमा गरिन्छ । पहिलो चरणमा यस सम्बन्धि शुत्रको प्रयोग गरी Life, Education, Income को Subindices निकालिन्छ । यी तीन वटा Subindices लाई दोस्रो चरणको शुत्रको प्रयोग गरी Human Development Index को गणना गर्ने गरिन्छ ।

अन्त्यमा के भन्न सकिन्छ भने मानव विकास विकासको केन्द्र विन्दुको रूपमा मानिसलाई राखेर गरिने विकास हो । मानव विकासको अवस्था मानव विकास सूचकांक (HDI) को विश्लेषणका आधारमा ज्ञात हुन्छ । मानव विकास सूचकांक उच्च बनाउने हो भने कुनै पनि देशले आर्थिक, सामाजिक,राजनैतिक, सांस्कृतिक, लगायतका विकासमा महत्वपूर्ण योगदान दिनु पर्ने देखिन्छ ।

**सामाजिक आर्थिक विकासको साधन र साध्यका रुपमा मानव**

*"विकास मानिसद्वारा मानिसका लागि निरन्तर रुपमा सञ्चालन भइरहने प्रक्रिया हो ।"*

**(क) सामाजिक आर्थिक विकासको साधनको रुपमा मानिस :**

★ संसारमा उपलब्ध विभिन्न साधन स्रोतहरू मध्ये मानिस मात्र त्यस्तो साधन हो जुन आफैं सक्रिय एवं सञ्चालित हुन्छ । यसलाई सक्रिय बनाउनको लागि अन्य साधनको सञ्चालन गर्नु पर्ने हुँदैन ।

★ विकास भनेको कुनै पनि राष्ट्र वा समाजको विद्यमान अवस्थामा आउने/आएको सकारात्मक एवं गुणात्मक परिवर्तन हो जुन परिवर्तन प्राप्त गर्नका लागि निश्चित स्रोत साधनको प्रयोग एवं परिचालन गरिएको हुन्छ जसमा मानव साधन एक महत्वपूर्ण र प्रमुख साधन हो ।

★ कुनै पनि देश वा समाजको विकासका लागि मानिस आफै परिचालित हुन्छ र ऊ आफै मात्र परिचालित नभएर विकासका अन्य भौतिक साधनहरुलाई समेत आफ्नो बुद्धिको प्रयोग गरेर सँगसँगै परिचालन गर्दछ ।

★ विकासका विभिन्न साधनहरू मध्ये मानव साधन प्रमुख साधन हो किनभने यसले समाज एवं राष्ट्रको आवश्यकता अनुसार आफ्नो एवं अन्य साधनहरूको क्षमतालाई मानसिक विवेकद्वारा परिचालन गरी विकास प्रक्रिया सञ्चालन गर्ने गर्दछ ।

★ अर्को शब्दमा भन्दा मानिस नै विकासको पूर्वाधार हो किनभने मानिस बिना कुनै पनि किसिमका विकासका अन्य पूर्वाधारहरू आफै सञ्चालित हुन सक्दैनन् ।

★ विकास क्रियाकलापको आवश्यकता महसुस गर्ने देखि लिएर सामाजिक एवं भौगोलिक, राजनीतिक वस्तुस्थिति अनुसार आफू लगायत विकासका लागि आवश्यक अन्य साधनहरूलाई परिचालन गर्न सक्ने सामर्थ्य र गुण मानव साधनसँग मात्र रहन्छ । त्यसैले मानवलाई आर्थिक सामाजिक विकासको साधन मात्र नभनेर प्रमुख एवम् महत्वपूर्ण साधन भनेर भन्न सकिन्छ ।

**(ख) सामाजिक आर्थिक साध्यको रुपमा मानिस :**

★ कुनै पनि विकासात्मक वा साधारण कार्यहरूको केन्द्रविन्दुमा मानव नै रहन्छ अर्थात् विश्वमा गरिने जति पनि सम्पूर्ण कार्यहरू छन् ती कार्यहरू मानिसकै खातिर/लागि गरिएका हुन्छन् ।

★ विकासात्मक कार्यहरू पनि मानिसले नै आवश्यकता महसुस गरी मानिसकै आवश्यकता पूर्तिका लागि सञ्चालन गरिन्छन् ।

Question Bank Nepal

★ सामाजिक आर्थिक विकासले मानिसंको परिवर्तित चाहना एवं आवश्यकतालाई पूरा गर्ने साथै मानिसकै शारीरिक एवं मानसिक क्षमतामा नै विकास हुने गर्दछ ।

★ विकासबाट प्राप्त हुने प्रतिफल पनि उपयोग गर्ने भनेकै मानिसले हो । विश्वका अन्य साधनहरूले विकास कार्यमा सहयोग पुऱ्याउने मात्र हो उनीहरूले विकासको प्रतिफल उपयोग गर्न सक्दैनन् तर मानिसले विकास पनि गर्दछ र विकासबाट प्राप्त प्रतिफल पनि आफैले उपभोग गर्दछ ।

★ सम्पूर्ण विकासात्मक कार्यहरूको लक्ष्य/केन्द्रविन्दु नै मानिस हो । विकास मानिसकै लागि सञ्चालित हुन्छ र यसले मानवको समग्र मानवीय जीवनको गुणस्तरमा वृद्धि ल्याउने लक्ष्य राखेको हुन्छ । त्यसैले विकासको साध्य नै मानिस हो ।

अन्त्यमा भन्नुपर्दा कुनै पनि समाज वा राष्ट्रमा सञ्चालन गरिने सम्पूर्ण प्रक्रियाको केन्द्रविन्दु नै मानिस हो । विकास मानिसका लागि मानिसद्वारा नै सञ्चालन गरिन्छ । सम्पूर्ण विकासको अन्तिम ध्येय नै सामाजिक आर्थिक रुपमा सकारात्मक परिवर्तनद्वारा समग्र मानव जीवनमा नै गुणात्मक वृद्धि गर्नु हो अर्थात् मानवको शारीरिक, मानसिक र बौद्धिक विकास गर्नु हो जुन कार्यको लागि मानिस स्वयंले नै विभिन्न प्रक्रिया एवं चरणमा आफैं परिचालित भई कार्य गर्दै आइरहेको हुन्छ । त्यसैले मानिस सामाजिक, आर्थिक विकास लगायत समग्र विकासकै साध्य र साधन दुवै हो ।

**७. शान्ति र द्वन्द सम्वेदनशील विकासका आधारभूत तत्वहरुको संक्षिप्त विवेचना गर्नुहोस् । (Briefly discuss the fundamental elements of peace and conflict sensitive development.)**

शान्ति र द्वन्द्व सम्वेदनशील विकास भन्नाले द्वन्द्व रुपान्तरणको अवस्थामा/शान्ति स्थापनाको अवस्थामा विकास निर्माणका कार्यहरू गर्दा द्वन्द्वबाट प्रभावित क्षेत्रका बासिन्दाको आवश्यकता प्रवर्द्धन गर्ने गरी/हित प्रवर्द्धन हुने गरिने विकासलाई बुझिन्छ । यस्तो शान्ति एवम् द्वन्द्व सम्वेदनशील विकास गर्दा केही विषयहरूलाई छुटाउनु हुँदैन/ध्यानमा राख्नुपर्ने हुन्छ । यदि त्यस्ता विषयहरू छुटेमा द्वन्द्व र शान्ति सम्वेदनशील विकास प्रभावकारी हुन सक्दैन जसलाई शान्ति र द्वन्द्व सम्वेदनशील विकासका आधारभूत तत्वहरू भनिन्छ । शान्ति र द्वन्द्व सम्वेदनशील विकासका आधारभूत तत्वहरू देहायअनुसार छन् :–

(क) **संक्रमणकालीन न्याय** – द्वन्द्व र शान्ति बीचको संक्रमणकालीन समयमा द्वन्द्व र शान्तिको समयमा गरिने तरीकाले न्याय संपादन गर्न उपयुक्त नहुने हुदा संक्रमणकालमा छुट्टै विशिष्ट किसिमको न्याय प्रणाली लागु गर्नुपर्छ, जसलाई संक्रमणकालीन न्याय प्रणाली र यही न्याय प्रणाली मार्फत प्रदान गरिने न्यायलाई संक्रमणकालीन न्याय भन्ने गरिन्छ । संक्रमणकालीन न्यायले द्वन्द्वरत सबै पक्षलाई न्याय प्रदान गर्दै राष्ट्र विकासमा सबैलाई समाहित गर्न महत्वपूर्ण भूमिका खेल्दछ । द्वन्द्वरत पक्षहरूलाई आम माफी प्रदान गर्ने, द्वन्द्व पीडितलाई सम्मानपूर्वक, बिना त्रास जीवनयापन गर्न सक्ने परिस्थितिको सिर्जना संक्रमणकालीन न्यायले गरिदिन्छ ।

(ख) **वार्ता, सहमति, सम्झौता र कार्यान्वयन** – शान्ति र द्वन्द्व सम्वेदनशील विकासको अर्को आधारभूत तत्व द्वन्द्वरत पक्षहरूसँग वार्ता, सहमति एवम् सम्झौताका माध्यमद्वारा द्वन्द्वको दीर्घकालीन अन्त्य गर्ने साथै त्यस्ता सहमति, सम्झौताहरूको कार्यान्वयनद्वारा राज्य शान्ति र द्वन्द्व सम्वेदनशील विकासप्रति इमान्दार रहेको कुराको प्रत्याभूति गराउने कुरा यसमा पर्दछन् ।

(ग) **द्वन्द्वका कारण क्षतिग्रस्त भौतिक संरचना पुनः निर्माण** – द्वन्द्वका क्रममा विभिन्न पक्षद्वारा क्षतिग्रस्त बनाइएका भौतिक संरचनाहरूको पुनर्निर्माण गर्नु शान्ति तथा द्वन्द्व सम्वेदनशील विकासको पुर्वशर्तकै रुपमा रहेको हुन्छ । द्वन्द्व सम्वेदनशील विकासको आधारमा नै द्वन्द्वको क्रममा क्षतिग्रस्त भौतिक संरचना पुनर्निर्माण र द्वन्द्व प्रभावित एवम् पीडितहरूको आवश्यकता एवम् मागलाई सम्बोधन गर्ने गरी गरिनु पर्दछ भन्ने हो ।

(घ) **आर्थिक तथा मानवीय सहायता र राहत वितरण** – शान्ति एवम् द्वन्द्व सम्वेदनशील विकासको अर्को आधारभूत तत्व भनेको द्वन्द्वको क्रममा आर्थिक एवम् मानवीय क्षति भएका परिवारहरूलाई आर्थिक तथा मानवीय सहायताका माध्यमद्वारा राहत उपलब्ध गराउनु हो । अर्थात् द्वन्द्वको क्रममा घरपरिवार गुमाएका, अंगभंग भई घाइते भएका, घरबारी आदि जस्ता भौतिक क्षति पुऱ्याइएका पीडित एवम् द्वन्द्वबाट प्रभावितहरूलाई उनीहरूको जीवन सहज रुपमा सञ्चालन गर्न पुग्ने किसिमले आर्थिक सहायता एवम् राहत वितरण गरिनु पर्दछ ।

(ङ) **रोजगारीमूलक समावेशी आर्थिक विकास** – सामाजिक द्वन्द्व एवम् अशान्तिको प्रमुख कारण नै बेरोजगारी एवम् असमानता हो । त्यसैले शान्ति र द्वन्द्व सम्वेदनशील विकास निर्माणको प्रक्रियामा राज्यद्वारा असमान व्यवहार गरिएका अर्थात् राज्यद्वारा प्रदान गरिने सेवा सुविधा एवम् अवसरहरूमा पहुँच नभएका पिछडिएका वर्ग, समुदाय, लिंग, जातजातिलाई पनि समावेश गराई विकासका क्रियाकलाप सञ्चालन गरिनुपर्दछ जसले स्थानीय तथा राष्ट्रिय स्तरमा रोजगारीको सिर्जना हुन सकोस् ।

Question Bank Nepal

(च) **राज्यको पुनर्संरचना** – हाम्रो सन्दर्भमा भन्दा राज्यको केन्द्रिकृत राज्य संरचना एवम् असमानताका विरुद्ध द्वन्द्व र अशान्तिको अवस्था सिर्जना भएकोले द्वन्द्व र शान्ति रुपान्तरणको क्रममा गरिने विकास निर्माण प्रक्रियामा राज्यको बहुपहिचानयुक्त संघीय राज्य व्यवस्था रुपान्तरण गरी राज्यको पुनरसंरचना गरिनुपर्दछ।

माथि उल्लेखित तत्वहरूका अलावा द्वन्द्व र शान्ति सम्वेदनशील विकासका क्रममा सुरक्षा संरचना/व्यवस्थापनमा परिवर्तन, राजनीतिक प्रणालीमा परिवर्तन गरी लोकतन्त्रको सुदृढिकरण, आर्थिक तथा सामजिक परिवर्तन लगायत निम्न तत्वहरूलाई पनि समावेश गर्नुपर्दछ भन्ने मान्यता राख्ने गरेको पाइन्छ :-

- Participatory Process
- Inclusiveness of Actors, issues and Perceptions
- Impartiality in relation to actors and issues
- Transaparency
- Respect for peoples ownership of the conflict and their suffering
- Accountability for one's own actions
- Partnership and Co-ordination

अन्त्यमा शान्ति तथा द्वन्द्व संवेदशनील विकास भनेको शान्ति निर्माण प्रक्रिया र सामाजिक द्वन्द्वको रुपान्तरणका क्रममा गरिने विकास भएकोले त्यस्तो विकास प्रक्रियामा माथि उल्लेखित तत्वहरूलाई समावेश गराउन सकेमा मात्र द्वन्द्वको व्यवस्थापन एवम् शान्ति स्थापना हुन सकी विकासको दिगो रुप लिन सक्ने भएकोले नै यिनीहरूलाई शान्ति र द्वन्द्व सम्वेदनशील विकासको आधारभूत तत्वहरू भनिएको हो।

**८. समुदायमा आधारित विकासका प्रमुख विशेषताहरु औल्याउँदै ग्रामीण विकासमा यस प्रकारको विकासको औचित्य उल्लेख गर्नुहोस्। (Identifying the main characteristics of community based development, justify the rationale of such kind of development in rural development.)**

### समुदायमा आधारित विकासका प्रमुख विशेषताहरू

सन् १९९० को दशकको मध्यतिरबाट अगाडी सारिएको समुदायमा आधारित विकासको अवधारणा विकासको त्यस्तो Model हो, जसमा विकास कार्यहरूको आवश्यकता पहिचानदेखि निर्णय प्रक्रियाका सम्पूर्ण चरण, विकास गर्नका लागि आवश्यक पर्ने श्रोतको लगानी र विकास प्रक्रियाको व्यवस्थापन एवम् सोबाट प्राप्त लाभको उपभोग गर्ने अधिकार प्रत्यक्ष रुपमा समुदायमा नै रहन्छ। समुदायमा आधारित विकासका विशेषताहरूलाई देहायका बुदाँहरूमा उल्लेख गर्न सकिन्छ –

- ★ यस अवधारणाको केन्द्र विन्दुमा समुदायको हित एवम् विकास रहेको हुन्छ।
- ★ समुदायमा आधारित विकासको व्यवस्थापन एवम् सञ्चालन सम्बन्धित समुदाय एवम् समुदायमा सञ्चालित संस्थाहरूले नै गर्ने गर्दछन्।
- ★ विकासका कार्यक्रमहरूको आवश्यकता पहिचान, योजनाको निर्माण, कार्यक्रमको निर्धारण एवम् प्रक्रियाको हरेक चरणमा समुदायको सार्थक एवम् सक्रिय सहभागिता रहन्छ।
- ★ विकासको यस किसिमको मोडेलमा विकास निर्माणका कार्यहरू सञ्चालन गर्न आवश्यक पर्ने श्रोत समुदायमा नै हस्तान्तरण गरिन्छ र समुदायको नियन्त्रणमा कोष व्यवस्थापन हुने गर्दछ।
- ★ विकास प्रक्रियाको सञ्चालन र सोको प्रतिफलमा समुदायको स्वामित्व, उत्तरदायित्व र जवाफदेहिता रहन्छ।
- ★ विकास कार्यको अनुगमन, मूल्यांकन गर्ने र आवश्यकता अनुसार सुधार गर्ने काम पनि समुदायबाट गर्ने गरिन्छ।
- ★ यस विकास अवधारणाको माध्यमबाट गरिने विकासलाई समुदायले स्वामित्व बोध गर्ने तथा स्वीकार गर्ने र स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउने हुनाले यसलाई दिगो विकास हासिल गर्ने भरपर्दो माध्यमको रुपमा लिन सकिन्छ।

### ग्रामीण विकासमा समुदायमा आधारित विकासको औचित्य

समुदायमा आधारित विकास प्रक्रियामा स्थानीय समुदाय/जनताको संलग्नता कायम गर्दै विकास प्रति स्थानीयको अपनत्व वृद्धि गराउने तथा विकासलाई दिगो बनाउने महत्वपूर्ण माध्यम हो। जुनसुकै क्षेत्रको सहभागितामूलक रुपमा दिगो विकासको लागि समुदायमा आधारित विकासको ठूलो महत्व रहेको हुन्छ। तथापि ग्रामीण स्तरमा यसको आवश्यकता एवम् औचित्य अफ बढि हुने देखिन्छ। त्यसैले ग्रामीण विकासमा समुदायमा आधारित विकासको औचित्यलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :–

- ★ विकासमा नागरिक संलग्नता सुनिश्चित गरी स्थानीय सशक्तिकरण (Local Empowerment) का लागि,
- ★ विकास प्रक्रियामा सक्रिय सामुदायिक सक्रियताको लागि,
- ★ विकास निर्माण प्रक्रियामा पारदर्शिता ल्याई विकास प्रति स्थानीयको स्वामित्व भाव विकासका निम्ति ग्रामिण विकासमा दिगोपना कायम गर्न,
- ★ स्थानीय स्रोत परिचालन र उत्पादकत्वमा वृद्धिका लागि
- ★ विकास निर्माण प्रक्रियामा पारदर्शिता, मितव्यीता र जनसहभागिताद्वारा स्थानीय सुशासनमा बढावाका लागि,



Question Bank Nepal

★ स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जनाद्वारा गरिबी निवारणका लागि,
★ स्थानीय ज्ञान, सीप एवम् प्रविधिको प्रवर्द्धनका साथै नवीनतम प्रविधिको प्रयोगका लागि,
★ प्राकृतिक स्रोत साधन एवम् भौतिक पूर्वाधारको विकास व्यवस्थापनमा कार्यदक्षता र प्रभावकारिता वृद्धिका लागि,
★ नयाँ कुराको खोज अनुसन्धान एवम् आविष्कारका लागि,
★ ग्रामिण विकासको लागि आवश्यक पर्ने पुँजी संकलन र त्यसको समूचित परिचालनका लागि,
★ ग्रामिण विकासमा निजी क्षेत्रका लगानी, प्रविधि र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्नका लागि,
★ उद्यमशीलता प्रवर्द्धनको माध्यमद्वारा स्थानीयको जीवनस्तरमा सुधारका लागि,
★ शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, विद्युत आदिजस्ता क्षेत्रमा ग्रामीण स्तरका पिछडिएका जनताको पहुँच कायम गर्नका लागि,
★ सामाजिक समावेशीकरणका माध्यमद्वारा स्थानीय साझेदारी प्रवर्द्धनका लागि,
★ देशमा उपलब्ध स्रोत साधनको समतामूलक एवम् समन्यायिक वितरण व्यवस्थाका लागि,
★ कृषिमा व्यावसायीकरण तथा विविधीकरणका लागि,
★ भूमिको असमान वितरण हुने अवस्थाको अन्त्य गर्दै भूमिको समान वितरण र प्रभावकारी व्यवस्थाका लागि आदि ।


अन्त्यमा, भन्नुपर्दा समुदायमा आधारित विकास यस्तो अवधारणा हो, जसले विकास क्रियाकलापमा हुने भ्रष्टाचारको नियन्त्रण गर्दै विकासलाई वास्तविक आवश्यकता परेको समूहसम्म उनीहरूकै माग र चाहना बमोजिम लक्षित वर्गकै सहभागितामा सञ्चालन गरिनुपर्दछ भन्ने मान्यता राख्दछ । हाम्रो जस्तो विकासका पूर्वाधारहरूको सन्तुलित विकासको अभाव रहेको राष्ट्रमा ग्रामिण विकासका क्रियाकलापलाई वास्तविक आवश्यकता एवम् मागका आधारमा सञ्चालन गरी त्यसमा दिगोपना हासिल गर्नका लागि समुदायमा आधारित विकासले महत्वपूर्ण योगदान पुऱ्याउन सक्दछ ।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**९. वातावरणीय ह्रासका प्रमुख कारकहरु औँल्याउँदै तिनको नियन्त्रणका प्रभावकारी उपायहरु उल्लेख गर्नुहोस् । (Identify the major factors responsible for environmental degradation and also mention the effective measures for their control.)**

**वातावरणीय ह्रासका प्रमुख कारक तत्वहरू**

वातावरणमा रहेका जैविक तथा अजैविक वस्तुहरू बीचको अन्तरक्रिया एवं अन्तरसम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन भै क्षति पुग्नुलाई वातावरणीय ह्रास (Environmental Degradation) भनेर बुझिन्छ । अर्को शब्दमा वातावरणीय ह्रास भनेको प्राकृतिक स्रोतमा ह्रास, प्राकृतिक प्रकोप, जैविक विविधतामा ह्रास, वातावरणीय प्रदुषण र गुणस्तरीय जीवनमा ह्रास आउनु हो ।




वातावरणीय ह्रास हुनुमा विभिन्न कारक तत्वहरूले भूमिका खेल्न सक्दछन् त्यस्ता कारक तत्वहरूलाई मानवीय कारक तत्व र प्राकृतिक कारक तत्व गरी निम्नानुसार व्यक्त गर्न सकिन्छ :–

| Causes of Environmental Degradation | Controlling Measures of Environmental Degradation |
|---|---|
| • उच्च जनसङ्ख्या वृद्धिदर | • वातावरणीय सरसफाइ तथा वातावरणको स्याहार |
| • गरिबी एवं सहरीकरण | • प्रदुषणहरू नियन्त्रण तथा जनसङ्ख्या वृद्धिदर नियन्त्रण |
| • अत्याधिक मात्रामा ग्याँसको उत्सर्जन | • प्राकृतिक स्रोतहरूको समुचित उपयोग, संरक्षण र सम्वर्द्धन |
| • वन विनाश तथा अव्यवस्थित भू उपयोग | • वृक्षारोपण, माटो संरक्षण तथा भूक्षय नियन्त्रण |
| • औद्योगिकीकरण तथा यातायात | • योजनाबद्ध बसोबास तथा सहरीकरण |
| • दोषपूर्ण कृषि नीति | • अनुगमन सहितको वातावरणीय कानून तथा वातावरणीय शिक्षामा जोड । |
| • प्राकृतिक स्रोतहरूको अत्याधिक प्रयोग । | |

**(क) मानवीय कारक तत्वहरू**

★ बढ्दो जनसंख्याको आवश्यकता पूर्ति गर्नका लागि मानिसले वातावरण माथिको आक्रमणलाई तीव्रता दिइरहेका छन् अर्थात् प्राकृतिक स्रोत साधन माथिको बढ्दो प्रहार ।

Question Bank Nepal

★ आवासीय प्रयोजन एवम् खेतीपातीका लागि वन विनास गर्ने प्रवृत्ति साथै काठको अवैध तस्करीले पनि वन विनास भइरहेको ।
★ बढ्दो जनसंख्याको माग अनुरुप खाद्यान्नमा वृद्धि ल्याउने नाममा कृषिमा रासायनिक मल एवम् विषदिको प्रयोग जसले गर्दा भूमि प्रदुषण भई उत्पादकत्व घट्दै गएको ।
★ अव्यवस्थित औद्योगिकीकरण तथा सहरीकरण ।
★ गरिबीका कारण आफ्नो जीवनयापनका लागि प्राकृतिक स्रोतमा भर पर्नु पर्ने हुनाले वन विनासमा वृद्धि ।
★ वातावरण संरक्षणका लागि वातावरणीय शिक्षा एवम् जनचेतनामा कमी ।
★ वातावरणीय संरक्षण सम्बन्धी नीतिगत एवम् कानूनी व्यवस्थाको पालनामा कमी ।
★ भौतिक पूर्वाधार तथा यातायातको विस्तारका लागि रासायनिक विष्फोटनको प्रयोग ।
★ आणविक तथा जैविक हातहतियारको प्रयोगमा वृद्धि ।
★ नवीकरणीय उर्जाको प्रयोग तर्फ ध्यान नदिई जैविक इन्धनको बढ्दो प्रयोग ।
★ प्लाष्टिक जन्य सामानको बढ्दो प्रयोग ।
★ वातावरणीय संरक्षण सम्बन्धी कार्यका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वयको अभाव ।
★ बढ्दो प्राविधिक तथा आर्थिक विकास ।

**(ख) प्राकृतिक कारक तत्वहरू**

★ भूकम्पले गर्दा ठूला ठूला भौतिक संरचना एवम् भवनहरूको विनास जसले गर्दा वातावरणमा ह्रास ल्याउँछ ।
★ बाढीले रुख विरुवा, जीवजन्तु, जमिन तथा माटो बगाएर लगी जथाभावी थुपारिदिएर पनि वातावरणमा ह्रास ल्याउँछ ।
★ पहिरोले वातावरणीय सन्तुलनमा खलल पुऱ्याउने गरी वनजंगल, माटो, भौतिक संरचनाहरू भत्काउने, बगाउने र विगार्ने गरी वातावरणीय ह्रास हुने ।
★ डढेलो तथा आगलागी जस्ता कारणले वन विनाश गर्ने, जैविक विविधतामा ह्रास ल्याउने, प्राकृतिक सन्तुलनमा खलल पुऱ्याउने र वायु प्रदुषण गरी वातावरणमा ह्रास ल्याउँदछ ।

**वातावरण ह्रास नियन्त्रणका उपायहरू**

★ जनसंख्या वृद्धिदरलाई बञ्छित सीमामा नियमित राखी गरिबी निवारणका लागि कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
★ उद्योग र वातावरणबीच समन्वय कायम गरी उद्योगहरूलाई शहरबाट टाढा स्थापना गर्ने र उद्योगहरूमा प्रदुषण नियन्त्रक उपकरण अनिवार्य रुपमा जडान गर्नुपर्ने व्यवस्था गर्नुपर्ने ।
★ विकास प्रक्रियालाई वातावरणमैत्री बनाउने ।
★ कृषि उत्पादनमा रासायनिक मल एवम् विषादीको प्रयोग नगर्ने ।
★ वातावरण संरक्षणका लागि वातावरणीय शिक्षा र जनचेतना अभिवृद्धिमा जोड दिने ।
★ प्राकृतिक स्रोत तथा साधनहरू संरक्षण गर्नुका साथै वनजंगलको विनासलाई रोकी खाली जग्गामा वृक्षारोपण गर्ने कार्यमा जोड दिने ।
★ बढ्दो सहरीकरणलाई व्यवस्थित गर्ने ।
★ रासायनिक, जैविक तथा आणविक हातहतियारको उत्पादन, परीक्षण, बेचबिखन र प्रयोगमा बन्देज लगाउने ।
★ प्लाष्टिक जन्य पदार्थको प्रयोग कम गरी फोहरमैला जथाभावी फ्याक्ने प्रवृत्तिलाई हतोत्साही पार्दै यसको पुनः प्रयोग हुने व्यवस्था मिलाउने ।
★ वातावरण संरक्षण सँग सम्बद्ध निकायहरूबीच आपसी समन्वय काम गर्ने ।
★ वातावरण विनास गर्नेलाई दण्ड र वातावरण संरक्षण गर्नेलाई पुरस्कृत गर्ने परम्पराको थालनी गर्ने ।
★ Polluter Pays Principle को कडाइका साथ अवलम्बन गर्ने ।
★ वातावरणीय ह्रासबाट हुने नकारात्मक असरहरूका सम्बन्धमा समुदायमा जनचेतामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।

निष्कर्षमा, भन्नुपर्दा वातावरणबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा लाभ लिने समुदाय पनि मानव समुदाय हो र वातावरणीय एवम् प्राकृतिक स्रोतको चरम शोषण गरी वातावरणमा ह्रास ल्याउने पनि हामी मानव नै हौं । आजको हाम्रो क्रियाकलापले हामीलाई नै जीवनयापनका लागि असहज बनाइरहेका छन् भने हाम्रा भावी सन्ततिको भविष्यमा अवस्था कस्तो होला सोच्नुपर्ने बेला भएको छ । त्यस्तै गरी पृथ्वी मानव जातिको मात्र नभएर यो थुप्रै जीवात्माहरूको पनि बासस्थान भएकोले वातावरणमैत्री मानवीय क्रियाकलाप तथा दिगो विकास गर्नेतर्फ हाम्रो प्रयास केन्द्रित गर्नु पृथ्वीमा रहेका सम्पूर्ण प्राणीहरूको अस्तित्व रक्षाका लागि आवश्यक छ ।

**स्वच्छ वातावरणको हक (धारा ३०):**

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीचसमुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।


Question Bank Nepal

**१०. विपद् व्यवस्थापनको अर्थ उल्लेख गर्नुहोस् । विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन कुनकुन पक्षहरुमा ध्यान पुऱ्याउनु पर्ने ठान्नुहुन्छ ? आफ्नो धारणा लेख्नुहोस् । (Mention the meaning of disaster management. In your opinion, what factors should be taken in consideration to make disaster management effective?)**

**विपद् व्यवस्थापनको अर्थ**

विपद् व्यवस्थापन "Disaster Management" शब्द अंग्रजी दुई शब्द Disaster & Management मिलेर बनेको हो । जसको नेपालीमा अर्थ 'विपद्/प्रकोपबाट हुन सक्ने/हुन गएको क्षतिलाई हुन नदिन/न्यूनीकरण गर्न तथा प्रकोपबाट सिर्जना भएको संकट समाधानका प्रयासहरूको समग्रता' भन्ने हुन्छ । अर्को शब्दमा विपद् व्यवस्थापन एक गतिशील प्रक्रिया हो, जस अन्तर्गत विपद् जोखिम, न्यूनीकरण, विपद् प्रतिकार्य वा विपद् पुनर्लाभसँग संम्बन्धित सम्पूर्ण क्रियाकलापहरू समेटिन्छन् ।

एक व्यावहारिक वैज्ञानिक विधाको रुपमा रहेको विपद् व्यवस्थापन विपद्को क्रमबद्ध अवलोकन एवं विश्लेषणको आधारमा विपद्को रोकथाम, न्यूनीकरण, पूर्व तयारी, आपत्कालीन प्रतिकार्य र पुनर्लाभका कार्यसंग सम्बन्धित रहन्छ । सम्भावित विपद्को खतराबाट हुनसक्ने क्षति वा नोक्सानी घटाउनु, आवश्यकता अनुरूप पीडीतहरूलाई शीघ्र र उपयुक्त सहायताको सुनिश्चितता गराउनु साथै द्रुत र दिगो पुनर्लाभ कार्य गर्नु विपद् व्यवस्थापनका प्रमुख उद्देश्यहरू हुन् । विपद्/प्रकोप व्यवस्थापनलाई देहाय बमोजिमको एउटा चक्रको रुपमा लिन सकिन्छ ।




समग्रमा, विपद् व्यवस्थापनले विपद् जोखिम, न्यूनीकरण, विपद् प्रतिकार्य वा विपद् पुनर्लाभ सन्दर्भमा योजना वनाउने, संगठन गर्ने, समन्वय गर्ने एवं कार्यान्वयन गर्ने समग्र क्रियाकलापलाई जनाउँछ । सम्भावित विपद्लाई रोकथाम गर्न तथा विपद्बाट पर्न सक्ने नकारात्मक प्रभाव वा त्यसबाट उत्पन्न खतराको न्यूनीकरण गर्न, विपद्को सामना गर्नका लागि पूर्व तयारी अवस्थामा राख्न, विश्वसनीय तथ्यांकमार्फत विपद् रोकथामका विधिहरू अपनाउन, विपद्को अवस्थामा समेत सरकारले जनतालाई उपलब्ध हुने सेवा सुविधाहरूलाई निरन्तर र सूचारू रूपले प्रवाह गर्न समेतका लागि विपद् व्यवस्थापनको आवश्यकता पर्दछ ।

**प्रभावकारी विपद् व्यवस्थापनको लागि ध्यान दिनुपर्ने पक्षहरू**

विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि विपद् आईपर्नु पूर्वदेखि आईपरेपछि समेत विभिन्न पक्षमा ध्यान पुऱ्याउँदै विपद्को व्यवस्थापन गर्नुपर्ने हुन्छ । विपद् व्यवस्थापनलाई प्रभावकारी वनाउन ध्यान दिनु पर्ने पक्षहरू देहाय बमोजिम उल्लेख गर्न गरेको पाईन्छ :-

| विपद् आईपर्नु अगाडि विचारणीय पक्षहरू (विपद् पूर्वतयारी) | विपद् आइपरेमा व्यवस्थापनका लागि विचारणीय पक्षहरू (विपद् प्रतिकार्य) |
|---|---|
| • विपद् व्यवस्थापनको रणनीतिक योजना तर्जुमा गर्नुपर्ने, | • विपद् आइपर्ने वित्तिकै विपद् व्यवस्थापन टोलीको गठन गर्ने, |
| • विपद् व्यवस्थापनको लागि आवश्यक संस्थागत एवं कानुनी पक्षमा ध्यान दिनु पर्ने, | • विपद् व्यवस्थापन टोलीलाई कामको बाँडफाड एवं जिम्मेवारी तोकी कार्यक्षेत्रमा तुरुन्तै खटाउने, |
| • विपद् व्यवस्थापनको लागि समन्वय, सहकार्य, अधिकार प्रत्यायोजन जस्ता पक्षहरुमा ध्यान दिनु पर्ने, | • विपद् सम्बन्धमा निरन्तर रुपमा सूचना सम्प्रेषण र प्रचार प्रसार गर्ने, |
| • विपद् व्यवस्थापनको लागि जनशक्ति व्यवस्था गरी तालिम प्रदान गर्ने, | • जनसहभागिताका साथ विपद् व्यवस्थापन सम्बन्धि संपूर्ण जनशक्ति परिचालन गर्ने, |
| • आवश्यक आर्थिक तथा प्राविधिक श्रोत साधनको व्यवस्था गर्ने, | • विद्यमान श्रोत साधनको समुचित उपयोग गर्दै थप सहयोगको लागि आह्वान गर्ने, |
| • विपद्को प्रभावकारी रुपमा सामनाको लागि लागि विशेषज्ञ समूहको निर्माण गर्ने, | • विपद् आईपरेको क्षेत्रलाई लक्षित गरी आवश्यकतानुसार संकटकाल घोषणा गरी तन,मन र धनको साथ विपद् व्यवस्थापनमा क्रियाशिल हुने, |
| • आईपर्न सक्ने विपद्को पहिचान गरी आइपर्नु पूर्व | • तत्काल आवश्यक निर्णय गरी तुरुन्त कार्य प्रारम्भ |

Question Bank Nepal

| | |
|---|---|
| नै रोकथामको व्यवस्था गर्नेतर्फ पहलकदमी अगाडि बढाउने। | गर्ने र आकस्मिक सेवा प्रवाह गर्ने। |

त्यस्तै गरी विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ समेतका आधारमा विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन ध्यान पुऱ्याउनु पर्ने पक्षहरूलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ –

**(क) विपद् व्यवस्थापन सम्बन्धि कार्य गर्न प्रभावकारी संस्थागत एवं नीतिगत व्यवस्था सुनिश्चित गर्ने पक्ष**

★ विपद् जोखिम व्यवस्थापनका लागि संस्थागत प्रणालीको स्थापना एवं सुदृढीकरण गर्नुपर्ने।

★ विस्तृत विपद् जोखिम व्यवस्थापनसम्बन्धी अवधारणा समावेश गर्न नीति तथा कानुनहरूको तर्जुमा/संशोधन गर्नुपर्ने।

★ राष्ट्रिय विकास प्रक्रियामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहमा ल्याउन पर्ने।

★ स्थानीय निकायले प्रभावकारी प्रतिकार्यका लागि विपद् जोखिम न्यूनीकरण तथा पूर्व-तयारीका कार्यक्रमलाई विकास योजना, कार्यक्रम तथा सबै नियमित विकास क्रियाकलापहरूमा एकीकरण गर्नुपर्ने।

★ विपद् जोखिम न्यूनीकरणका लागि आवश्यक नीति तथा मापदण्ड, निर्देशिका, स्तरीय कार्यसञ्चालन कार्यविधि तथा विशेष किसिमका राष्ट्रिय कार्यक्रमहरू तयार पारी क्रमशः कार्यान्वयन गर्नुपर्ने।

★ केन्द्रदेखि स्थानीय तहसम्म आपतकालीन कार्यसञ्चालन केन्द्रहरू को स्थापना गरी प्रभावकारी रुपमा संचालन गर्नुपर्ने,

★ स्रोतहरूको संकलन, विनियोजन तथा दिगो आर्थिक स्रोत व्यवस्थापनका लागि एकद्वार संयन्त्रको विकास गर्नुपर्ने।

**(ख) विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी प्रणाली सुदृढ गर्ने पक्ष**

★ विभिन्न तह तथा विभिन्न स्केलमा प्राकृतिक प्रकोप तथा सङ्कटासन्नताको निर्धारण गर्दै सो कार्यलाई आवधिक रुपमा तिनलाई अद्यावधिक गर्ने प्रणालीको विकास गर्नुपर्ने।

★ विपद्का सम्भाव्य जोखिमको लेखाजोखा, पहिचान, अनुगमन र पूर्व-चेतावनी सम्बन्धि यथार्थपरक तथ्यांकहरू नियमित रुपमा सार्वजनिक गर्ने परिपाटीको विकास गर्नुपर्ने।

★ विपद्सँग सम्बन्धित सबै जानकारी समावेश हुने गरी केन्द्रदेखि स्थानीय तहसम्म आधिकारिक, खुला, भौगोलिक सूचना प्रणाली मा आधारित विपद् सूचना व्यवस्थापन प्रणालीको स्थापना गरी त्यसलाई संस्थागत गर्नुपर्ने।

★ प्रकोप/जोखिमको अनुगमन तथा संभावित प्रकोपका लागि पूर्व-चेतावनी दिने राष्ट्रिय प्रणालीको स्थापना गर्नुपर्ने।

★ शहरी तथा शहर उन्मुख क्षेत्रहरूमा केन्द्रित भई भू-उपयोग नक्सा तयार पारी आवधिक रूपमा अद्यावधिक गर्दै भू-उपयोगको योजना तर्जुमाका लागि भूउपयोग नक्साको प्रयोग गर्ने संस्थागत प्रणाली सुनिश्चित गर्नुपर्ने।

**(ग) सबै तहमा सुरक्षित संस्कृति एवं उत्थानशीलताको विकास गर्न ज्ञान, नवीनतम सोच र शिक्षाको उपयोग गर्ने पक्ष**

★ राष्ट्रिय शैक्षिक नीतिमा संशोधन तथा परिमार्जन गरी विपद्सम्बन्धी चेतना जगाउन शिक्षालयहरूलाई महत्वपूर्ण केन्द्रका रुपमा विकास गर्नुपर्ने।

★ विद्यालयस्तर देखि नै विपद्सम्बद्ध शिक्षाको अध्यापन गराउने व्यवस्था गर्नुपर्ने।

★ विपद्संग सम्बन्धित विभिन्न लक्ष्यित समूहहरूका लागि विपद् जोखिम न्यूनीकरणसम्बन्धी पाठ्यक्रमको विकास गरी सो मार्फत प्रशिक्षित गराउनुपर्ने।

★ विपद् तथा विपद् व्यवस्थापनसंग सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूका लागि समेत प्रशिक्षण कार्यक्रमहरू संचालन गरी प्रशिक्षित गराउनु पर्ने।

★ विपद्सम्बन्धी चेतना तथा प्रशिक्षणका लागि विस्तृत राष्ट्रिय कार्यक्रमको विकास गरी संचालन गर्नुपर्ने।

★ विपद् जोखिम तथा जोखिमको न्यूनीकरणसम्बन्धी जानकारीको प्रचार-प्रसार गर्नका लागि आम सञ्चारका माध्यमहरूको उपयोग गर्ने योजना तथा कार्यक्रमहरूको विकास तथा तिनको सहजीकरण गर्नुपर्ने।

★ स्थानीय तहमा विपद् जोखिम व्यवस्थापनसम्बन्धी सचेतना जगाउने कार्यक्रमहरूको विकास/सुदृढीकरण/प्रोत्साहन गनुपर्ने।

★ विपद् जोखिम न्यूनीकरण तथा पूर्व-तयारीका सम्बन्धमा सचेतना जगाउने कार्यक्रमहरूको विकास तथा संचालन गर्नका लागि समुदायमा आधारित संघ संस्था, गैर-सरकारी सङ्गठन तथा अन्य सरोकारवालाहरूलाई प्रोत्साहन तथा सहयोग उपलब्ध गराउनु पर्ने।

Question Bank Nepal

(घ) **व्याप्त जोखिमका कारक तत्वहरूलाई न्यून गर्ने पक्ष**

★ विपद् जोखिम न्यूनीकरणसम्बन्धी अवधारणा-लाई पूर्वाधारहरूको विकास योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा एकीकृत गनुपर्ने ।

★ महत्वपूर्ण सार्वजनिक सेवा, तथा भौतिक पूर्वाधारहरूको लेखाजोखा, तिनको संरक्षण र सबलीकरण गनुपर्ने ।

★ समाजका सीमान्तीकृत श्रेणीमा रहेका दलित, महिला, अपाङ्ग तथा सुविधाबाट वञ्चित समूह, बाल-बालिका तथा वृद्ध वृद्धाहरूजस्ता अतिसङ्कटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी विशेष कार्यक्रमहरूको विकास गरी संचालन गनुपर्ने ।

★ विपद्पछिको पुनर्लाभ तथा पुनःस्थापना कार्यक्रमहरूमा विपद् जोखिम न्यूनीकरणका प्रयासहरूलाई समावेश गनुपर्ने ।

★ विपद् जोखिम न्यूनीकरणलाई सम्बोधन गर्नका लागि वैकल्पिक तथा सृजनशील आर्थिक साधनहरूको विकास तथा प्रवर्धन गनुपर्ने ।

(ङ) **प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारीलाई सशक्त बनाउने पक्ष**

★ प्रभावकारी प्रतिकार्यका लागि विपद् पूर्वतयारी- लाई सशक्त बनाउनु पर्ने ।

★ एकीकृत राष्ट्रिय विपद् प्रतिकार्य प्रणालीको विकास गरी त्यसलाई लागू गर्नुपर्ने ।

★ मुलुकभर क्रमशः आपत्कालीन कार्यसञ्चालन केन्द्रको व्यवस्था गर्नुपर्ने ।

★ आपत्कालीन प्रतिकार्य तथा पूर्व-तयारीको विकास तथा प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।

★ खाद्यान्न, औषधि, अन्य उद्धार सामग्री तथा उद्धारका औजार तथा उपकरणको भण्डारणका लागि केन्द्रदेखि स्थानीय तहसम्म भण्डारण केन्द्रहरू स्थापना गरी क्षमता विस्तार गर्दै लैजानुपर्ने ।

★ आपत्कालीन परिस्थितिका साथै पूर्व-तयारीका चरणमा प्रयोग गर्न सकिने भरपर्दो सञ्चार प्रणालीको स्थापना गर्नुपर्ने ।

★ यातायात सेवा तथा बन्दोवस्ती व्यवस्थापन संयन्त्रको भरपर्दो व्यवस्था गर्नुपर्ने ।

★ स्थानीय तहसम्म आपतकालीन समयमा उद्धार र प्रतिकार्य गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नुपर्ने ।

★ विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण दिनका लागि स्वयंसेवकहरू स्थानीय तहसम्म परिचालन गर्ने ।

अन्त्यमा भन्दा नेपाल प्राकृतिक विपदको दृष्टिले अत्यन्त संवेदनशील क्षेत्रमा रहेको भएता पनि द्वन्द्व व्यवस्थापनका लागि पर्याप्त व्यवस्था हुन नसकेको कारण हालै मात्र गएको भूकम्पका कारण धेरै जनधनको क्षति भएको तथ्यलाई केन्द्रमा राख्दै माथि सुझाइएका सुझावहरुलाई गम्भिरतापूर्वक कार्यान्वयनमा लैजान सकिएमा विपद व्यवस्थापन कार्य प्रभावकारी हुन जाने देखिन्छ ।

Question Bank Nepal

# २. लोकसेवा आयोगद्वारा २०७० सालमा सोधिएका प्रश्नहरू र समाधान

## प्रश्नहरू

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. नेपालमा भ्रष्टाचार वृद्धि हुनुका कारणहरू उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण गर्न के कस्तो उपायहरू अवलम्बन गर्नुपर्ला ? आफ्नो सुझाव दिनुहोस् । (State the causes of corruption increase in Nepal. What measures shall be taken to control corruption, give your own suggestions.)
2. सामाजिक द्वन्द्वको परिचय दिँदै नेपालमा देखिदै आएको सामाजिक द्वन्द्वका प्रमुख श्रोत तथा कारणहरू के के रहेको पाउनुहुन्छ ? चर्चा गर्नुहोस् । (Introduce the concept of social conflict. What are the major sources and causes of social conflict in Nepal? Explain.)
3. जनसंख्या वृद्धिका कारणहरू के के हुन् ? जनसंख्या वृद्धिले विकासोन्मुख राष्ट्रमा पार्ने असरहरुबारे विवेचना गर्नुहोस् । (What are the reasons of population growth? Explain the impacts of population growth in the developing nations.)

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. वैदेशिक लगानी भन्नाले के बुझ्नुहुन्छ ? आर्थिक विकास र वैदेशिक लगानीको अन्तरसम्बन्धको विवेचना गर्नुहोस् । (What do you mean by Foreign Investment? Describe the interrelation between Economic development and Foreign Investment.)
5. "गरिबी र बेरोजगारी बीच अन्योन्याश्रित सम्बन्ध छ" पुष्टि गर्नुहोस् । ("Poverty and unemployment are inter-related". Prove this statement.)

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. विकासको लागि सरकारी र निजी क्षेत्रबीच सहकार्यको अवधारणाबारे विवेचना गर्नुहोस् । नेपालमा यस अवधारणाको भविष्य कस्तो देख्नुहुन्छ ? (Explain the concept of Public Private Partnership (PPP) for development. How do you see the future prospects of this concept in Nepal.)
7. अल्पविकसित देशहरुमा दिगो विकासको वातावरणीय आयाम र प्राकृतिक स्रोत साधनमाथिको निर्भरता बीच कसरी सामञ्जस्यता गर्न सकिएला ? चर्चा गर्नुहोस् । (How least-developed countries can harmonize their dependency on natural resources with environmental aspect of sustainable development? Describb.)
8. नेपालको विकास प्रक्रियामा राज्य र विकेन्द्रीकरणको भूमिको विस्तृत विवेचना गर्नुहोस् । (Analyse the role of state and decentralization in the development process of Nepal.)

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. नेपालमा उर्जा संकटको सामाजिक तथा आर्थिक सम्वेदनशीलता के के रहेका छन् ? मुलुकमा वैकल्पिक तर वातावरणमैत्री उर्जाका स्रोतको प्रवर्द्धनका लागि चालिनु पर्ने प्रभावकारी उपायका बारेमा सुझाव प्रस्तुत गर्नुहोस् । (What are the social and economic sensitivity of energy crisis in Nepal? Suggest effective measures to be realized for promoting alternative but environment friendly sources of energy in the country)
10. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनका असरहरु र ती असरहरुलाई कम गर्न अपनाउनु पर्ने उपायहरु उल्लेख गर्नुहोस् । (What is climate change? Mention the effects of climate change and the measures to mitigate those effects.)

Question Bank Nepal

# २०७० सालमा सोधिएका प्रश्नहरुको समाधान

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

**१. नेपालमा भ्रष्टाचार वृद्धि हुनुका कारणहरु उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रण गर्न के कस्तो उपायहरु अवलम्बन गर्नुपर्ला ? आफ्नो सुझाव दिनुहोस् । (State the causes of corruption increase in Nepal. What measures shall be taken to control corruption, give your own suggestions.)**

**नेपालमा भ्रष्टाचार वृद्धि हुनुका कारणहरु -**

*"घूस लिन्या र दिन्या दुवै राष्ट्रका शत्रु हुन्"*

*– राजा पृथ्वीनारायण शाह*

सामान्य अर्थमा व्यक्तिगत हित वा स्वार्थपूर्तिका लागि सार्वजनिक पद, स्रोत र अधिकारको दुरुपयोग नै भ्रष्टाचार हो । त्यस्तै गरी प्रचलित कानूनवमोजिम गर्न नपाउने गरी निषेध गरेका कार्यहरू गरी प्रचलित कानूनले गर्न हुने भनेका कार्यहरू नगरी देशलाई हानी-नोक्सानी पुऱ्याएर आफू वा आफ्नो परिवार, नातेदारलाई लाभ पुऱ्याउनु भ्रष्टाचार हो । भ्रष्टाचार सामाजिक तथा आर्थिक जीवनमा नकारात्मक असर पारी सुशासन र सभ्य समाज निर्माणको बाधकको रूपमा रहेको हुन्छ । आजको लोकतान्त्रिक युगमा सुशासन, पारदर्शीता, विधिको शासन र कानुनी राज्य, भ्रष्टाचार नियन्त्रण लोकतन्त्रलाई प्रभावकारी तुल्याउने पूर्व शर्तको रुपमा रहेको हुन्छ ।

नेपालमा कहालीलाग्दो अवस्थामा रहेको भ्रष्टाचारको अपराधले गर्दा नेपाली समाज आक्रान्त भइसकेको छ । अझ सरकारी कार्यालयहरूमा त भ्रष्टाचारको मात्रा अति नै बढी छ । नेपालमा भ्रष्टाचार व्याप्त हुनुमा आर्थिक, सामजिक तथा सांस्कृतिक, राजनीतिक, प्रशासनिक, संस्थागत, कानूनी, पर्यावरणीय लगायत अनेकौं प्रकृतिका कारणहरू जिम्मेवार छन्, ती मध्ये प्रमुख कारणहरू तल प्रस्तुत गरिएको छ –

***(१) सामाजिक कारणहरू***

- ★ समाजमा धनी र हुने खानेको सम्मान, इज्जत र प्रतिष्ठा उच्च रहनु,
- ★ समाजमा सम्भ्रान्त वर्गको बोलवाला,
- ★ धनी बन्ने होडमा अनैतिक र गैरकानुनी रूपमै भए पनि सम्पत्ति आर्जन गर्नुपर्ने,
- ★ समाजमा नैतिकता र सदाचारले स्थान लिन नसक्नु,
- ★ समाजमा आर्थिक अनुशासन स्थापना गर्न नसक्नु र
- ★ जागिर खानु भनेको प्रशस्त पैसा कमाउन, सुख, सुविधा भोगविलास गर्ने हो भन्ने मान्यता आदि ।

***(२) राजनीतिक कारणहरू***

- ★ राजनीतिक नेताहरू सत्तामा पुगेपछि धनसम्पत्ति जोड्न र शक्तिको दुरुपयोग गर्न तल्लीन रहने,
- ★ कानुन मिचेर शक्तिको भरमा व्यक्तिगत स्वार्थ पूर्ति गर्ने,
- ★ जस्तोसुकै अपराध गर्ने भए पनि राजनीतिक आस्थाका आधारमा संरक्षण दिने,
- ★ नियुक्ति, सरुवा र बढुवामा अवाञ्छित रूपमा हस्तक्षेप गरी आर्थिक लाभ लिने आदि ।

***(३) आर्थिक कारणहरू***

- ★ कर्मचारीले प्राप्त गर्ने तलब जीवन निर्वाह गर्न पर्याप्त नहुनु,
- ★ अरूको सुखसुविधाको नक्कल र देखासिकी गर्ने प्रवृत्ति,
- ★ हरेक चिज वस्तुको प्राप्ति अर्थ सित जोडिनु आदि ।

***(४) अन्य विविध कारणहरू***

- ★ कानुनको प्रभावकारी कार्यान्वयन नहुनु,
- ★ कारबाही गर्ने निकायहरूको कारबाहीमा हुने निष्क्रियता,
- ★ भ्रष्टाचारीलाई उच्च तहको राजनीतिक संरक्षण हुनु,
- ★ जटिल कार्यविधि तथा प्रक्रियाहरू विद्यमान रहनु,
- ★ भ्रष्टाचार विरुद्ध प्रेस जगत लगायतको नागरिक समाजले पर्याप्त मात्रामा जनचेतना अभिवृद्धि गर्न नसक्नु आदि ।

**भ्रष्टाचार नियन्त्रणको लागि अवलम्बन गर्नुपर्ने केही उपायहरू**

समाजलाई दूषित पार्दै समाजमा जरो गाडेर क्रोनिक भइसकेको नेपालको भ्रष्टाचार नियन्त्रण गर्न राजनीतिक रूपमा इमान्दारी पूर्वक प्रतिबद्ध भई राजनीतिक नेता, दल, कार्यकर्ता आदि कटिबद्ध भएर अठोटका साथै निरन्तर र सक्रीय रूपमा लाग्नुपर्दछ । अपराध गर्ने जो कोहीलाई पनि अपराधमा ढाकछोप गरी संरक्षण दिनु हुँदैन । यसका अलावा देहायका उपायहरू अवलम्बन गर्न सकिएमा सामाजिक सदाचारको क्यान्सरका रूपमा रहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न सहयोग पुग्ने देखिन्छ –

- ★ समाजमा सदाचार प्रवर्द्धन गर्न इमान्दार नागरिकको

Question Bank Nepal

निर्माणको लागि राज्यले नैतिक शिक्षामा जोड दिनुपर्ने ।

★ भ्रष्टाचारजन्य अपराध गर्ने, जो सुकैलाई पनि विनासंरक्षण कारबाही गरी दण्ड-सजाय गर्ने व्यवस्था गरी भ्रष्टाचारको सम्बन्धमा शून्य सहनशीलताको नीति व्यवहारमा नै लागु गर्नुपर्ने ।

★ सरकारी कामकारबाहीमा पारदर्शिता कायम गर्दै भ्रष्टाचार नियन्त्रणसम्बन्धी ऐनहरू निर्माण मात्र नगरेर उक्त कानुनको उचित र प्रभावकारी तरिकाले न्यायिक सिद्धान्तका आधारमा कार्यान्वयन गर्नुपर्ने ।

★ कानूनको शासन, इमान्दारी, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्दै सार्वजनिक सम्पत्ति र कार्यहरूको व्यवस्थापन गर्न भ्रष्टाचार विरुद्ध क्रियाशील निकायहरूको संस्थागत सुदृढीकरण गर्नुपर्ने ।

★ भ्रष्टाचार विरुद्धको जनमत परिचालन गर्नको लागि नागरिक समाज, गैरसरकारी तथा सामुदायिक संस्थाहरूको सक्रिय सहभागितामा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

★ भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि अनुसार कानून निर्माण तथा परिमार्जन गरी कार्यान्वयनमा ल्याउनु पर्ने ।

★ भ्रष्टाचार नियन्त्रणका लागि केवल नियन्त्रणात्मक उपायमात्र अवलम्बन नगरी उपचारात्मक विधिको पनि अवलम्बन गर्नुपर्ने ।

★ सामाजिक व्यवहार सुधार ऐनलाई समसापेक्ष बनाउन केही परिमार्जन गरी उक्त ऐनलाई कडाईका साथ लागु गर्नुपर्ने ।

★ भ्रष्टाचार नियन्त्रणसँग सम्बद्ध निकायहरूको संस्थागत विस्तार तथा क्षमता अभिवृद्धि गर्दै ती निकायहरूको बीचमा समन्वय कायम गरी एकीकृत रुपमा अगाडि बढाउने ।

★ आर्थिक सहयोग चन्दा, पुरस्कारजस्ता गलत प्रवृत्तिको अन्त्य गर्दै सार्वजनिक क्षेत्रका विभिन्न तहमा हुने ढिलासुस्ती, प्रशासनिक तथा आर्थिक अनियमितता लगायतका भ्रष्टाचारजन्य क्रियाकलापहरूको नियन्त्रणका लागि दण्ड र पुरस्कारको संस्कृतिलाई संस्थागत गर्नुपर्ने ।

★ पारदर्शिता, प्रतिस्पर्धा र वस्तुगत प्रावधानका आधारमा सार्वजनिक वित्तको व्यवस्थापन आर्थिक अनुशासन र नैतिक सदाचार अभिवृद्धि गर्नका लागि प्रभावकारी पद्धतिको निर्माण गर्नुपर्ने ।

★ राजनीतिक पार्टीहरूको कोषको लेखापरीक्षण गरी सार्वजनिक गनुपर्ने व्यवस्था साथै जिम्मेवारीपूर्ण ओहोदामा बहाल भएका सबै राष्ट्रसेवकहरूको सम्पत्ति वर्षेनी अनुगमन गरी घटबढको अद्यावधिक विवरण तयार गर्नुपर्ने ।

★ सरकारी क्षेत्रमा मात्र नभई निजी तथा गैरसरकारी क्षेत्रबाट हुने अनियमितता तथा अवाञ्छित गतिविधिलाई नियन्त्रण गर्न प्रभावकारी कदम चाल्नुपर्ने आदि ।

निष्कर्षमा भ्रष्टाचारले समाजमा विभेद, द्वन्द्व, अशान्ति, हिंसा जस्ता विकृतीहरू निम्त्याउने, समाजमा विश्वासको संकट सृजना गर्ने, समाजमा भातृत्व, सहानुभूति, प्रेम जस्ता मानवीय भावना हराउँदै जाने, सामाजिक विखण्डनमा बल पुर्‍याई सामाजिक एकतामा ह्रास ल्याउने मात्र होइन समाजको समग्र विकासमा यसले नकारात्मक प्रभाव पारेको पाइन्छ । त्यसैले भ्रष्टाचार नियन्त्रणका लागि सहयोग पुग्ने माथी उल्लेखित उपायहरू अवलम्बन गर्न सकेमा सार्वजनिक जीवनका हरेक क्षेत्रमा सदाचार, इमान्दारी र ज़वाफदेहिता अभिवृद्धि भई भ्रष्टाचारमुक्त समाज निर्माण गर्न सकिने कुरामा विश्वास लिन सकिन्छ ।

**२. सामाजिक द्वन्द्वको परिचय दिँदै नेपालमा देखिदै आएको सामाजिक द्वन्द्वका प्रमुख श्रोत तथा कारणहरु के के रहेको पाउनुहुन्छ ? चर्चा गर्नुहोस् । (Introduce the concept of social conflict. What are the major sources and causes of social conflict in Nepal? Explain.)**

**सामाजिक द्वन्द्व (Introduce of the social conflict)**

*"Conflict is inevitable but combat is optional."*

*- Max Lucado*

समाजमा दुई वा सो भन्दा बढी व्यक्ति/दल/समुदाय बीच कुनै विषय वा विचारमा मतभेद रहनु/स्वार्थको टकरावको स्थिति सृजना हुनुलाई नै सामाजिक द्वन्द्व भनिन्छ । सामाजिक द्वन्द्वलाई व्यक्ति वा समूहबीच हुने कलह, झै-झगडा, मारकाट, युद्ध र विनासको रुपमा बुझ्न सकिन्छ, भने सकारात्मक दृष्टिमा यसलाई समाजमा रहेका समस्याहरूको समाधानको प्रवेशद्वारका रुपमा लिने गरिन्छ ।

सामाजिक विवाद तथा सामाजिक द्वन्द्व पूरापूर रुपमा समानार्थी शब्दहरू होइनन् । तथापि विवाद पछि द्वन्द्व सिर्जना हुने हुँदा यसलाई सँगसँगै र एकै दृष्टिले हेर्ने गरिएको पाइन्छ । भनिन्छ पनि सामाजिक द्वन्द्वको शुरुवात सामाजिक विवादबाट हुन्छ भने अन्त्य पुनर्निर्माणबाट हुन्छ ।

Question Bank Nepal

भौतिकशास्त्रीहरुका अनुसार द्वन्द्वबाट नै पृथ्वीको उत्पत्ति भएकाले संसार द्वन्द्वमय छ । त्यसैले द्वन्द्व विहिन समाजको अस्तित्व असम्भव हुन्छ । फरक सामाजिक रहनसहन, भाषा, धार्मिक मान्यता, सामाजिक मनोविज्ञान तथा आर्थिक अवस्थाले गर्दा मानव समुदायमा भिन्न भिन्न चिन्तनको विकास भै समाजमा विवाद तथा द्वन्द्वको जन्म हुन्छ । समग्रमा सामाजिक विवाद तथा द्वन्द्वलाई देहाय बमोजिमका बुँदाहरुमा उल्लेख गर्न सकिन्छ –

★ समाजका दुई पक्षहरू बीचको विरोधाभाषपूर्ण स्थिति अर्थात् लक्ष्य, उद्देश्यमा मेल नखाने अवस्था हो ।
★ द्वन्द्व/विवाद विचारमा भिन्नता, वैमनस्यता, अन्तरविरोध बहिष्कारको अवस्था हो ।
★ फरकपनलाई कार्य व्यवहारमा देखाइएपछि द्वन्द्व देखा पर्दछ र यो स्पष्ट रुपमा प्राकृतिक विषयवस्तु हो ।
★ स्रोत साधन, सोच विचार, मूल्यमान्यता, भित्री चाहना र आवश्यकता सम्बन्धी संघर्षहरुको प्रतिनिधि हो ।
★ असमान विचार, फरक मत, संघर्षको स्थिति, शत्रुतापूर्ण अवस्था जुन एउटाको कारणले अर्कोले महशुस गर्ने नैराश्यपूर्ण व्यवहार हो ।
★ समाजमा रहेका व्यक्तिहरू बीच निरन्तर रुपमा भइरहने अन्तरक्रियाको अवस्था एवं एक मानसिक प्रक्रियाको बुझाई हो ।
★ समाजमा अन्तरनिहित विपरित आवश्यकता, विचार, धारणा, मूल्य-मान्यता वा लक्ष्यका कारण जनमानसमा उत्पन्न हुने संघर्ष विरोधाभाषपूर्ण अवस्था हो ।
★ शान्तिपूर्ण अवस्था विग्रिएको वा खलबलिएको अवस्था हो आदि ।

सामान्य किसिमको सामाजिक विवाद देखि सशस्त्र युद्धसम्मको अवस्थालाई सामाजिक द्वन्द्वले प्रतिनिधित्व गर्ने हुनाले द्वन्द्वको विकास अनुरुप यसको स्वरुप पनि फरक हुन्छ । समय, परिस्थिति, क्षेत्र, उद्देश्य अनुरुप सामाजिक द्वन्द्वका शैली र स्वरुपहरू फरक-फरक हुन सक्दछन् ।

**सामाजिक द्वन्द्वका प्रमुख स्रोत तथा कारणहरू**

विविधतायुक्त बहुलवादी नेपाली समाजमा सामाजिक विवाद तथा द्वन्द्वको प्रसस्त संभावना रहेको पाइन्छ । तथापी मूलतः नेपालमा देखिँदै आएको सामाजिक विवाद तथा द्वन्द्वका प्रमुख स्रोत तथा कारणहरूलाई देहाय बमोजिमका बुदाँहरूमा प्रस्तुत गर्न सकिन्छ :–

★ समाजमा धनी र गरिब अर्थात् हुने र नहुने वर्ग बीच हुने वर्ग संघर्ष,
★ समाजमा आर्थिक साधन स्रोतको असमान वितरण,
★ समाजमा रहेका व्यक्तिहरू बीच व्यक्तित्व अर्थात् व्यक्तिगत मूल्य, मान्यतामा मतभिन्नता,
★ समाजमा विद्यमान जातीय, वर्गीय, लैङ्गिक, भाषिक, सांस्कृतिक एवं विभेद,
★ सामाजिक कुरीतिका रुपमा रहेका बोक्सी प्रथा, दाइजो प्रथा, छाउपडी प्रथा, कमैया एवं कमलरी प्रथा आदि,
★ समाजमा विद्यमान धुम्रपान, मद्यपान, लागुपदार्थको कुलत एवं यौन दुर्व्यवहार,
★ विभिन्न विषय सन्दर्भमा समाजमा सही सुचना एवं जानकारीको सँप्रेषणको अभाव,
★ बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक समाजमा 'अनेकतामा एकता' को भावनालाई आत्मसात गर्न नसकिनु,
★ सामाजिक क्रियाकलाप र विकास निर्माणमा सहयोग गर्ने र नगर्ने दुई पक्षहरूको विद्यमानता,
★ सामाजिक क्रियाकलापमा समानुपातिक प्रतिनिधित्व एवं समावेशीकरणको मान्यता लागु नगरिएमा वा गर्न नसक्नु,
★ सामाजिक विवाद तथा द्वन्द्वको एउटा कारण सामाजिक अगुवाहरूको धार्मिक एवं जातीय समुदायका नेतृत्वकर्ताहरूको असक्षमता,
★ सार्वजनिक प्रशासनले समाजको सामाजिक संरचना र त्यसले प्रभावित पार्ने विषयबारे जानकारी नराख्नु,
★ सार्वजनिक सेवा तथा सुविधाको वितरणमा विभेदपूर्ण नीति अवलम्बन नगरिनु ,
★ जनचेतनामा अभिवृद्धि हुँदै जानुपनि कतिपय अवस्थामा सामाजिक विवाद तथा द्वन्द्वको कारण बन्ने गरेको । उदारहणको लागि छाउपडीप्रथा अँगिकार गरेको समाजमा कुनै व्यक्ति वा समूहमा उक्त प्रथा विरुद्ध सचेतना जागरुक भएमा छाउपडी प्रथाको पक्ष र विपक्षमा वकालत गर्ने बीच शुरुका दिनमा द्वन्द्व सृजना भएका घटना सुन्नमा आउँथ्यो ।

अन्तमा, सामाजिक विवाद तथा द्वन्द्वको सिर्जना हुनुमा Issues of Justice, Rights, Unmet Human Needs, Identity Issues, Moral Conflicts, High-Stakes Distributional Issues etc. लगायतका विभिन्न कारणहरू जिम्मेवार हुन्छन् । ती कारणहरू पहिचान गरी सकारात्मक नतिजा आउने गरी सामाजिक विवाद तथा द्वन्द्वको उचित व्यवस्थापन गर्न सकेमा यसले समाजमा रूपान्तरणमा सहयोग पुर्‍याउँछ भने यसको उचित व्यवस्थापन भएन भने सामाजिक



Question Bank Nepal

विखण्डनको खतरा पनि रहन्छ । त्यसैले वादविवाद तथा द्वन्द्व सृजना हुनाको कारण पहिचान गरी सकारात्मक नतिजा आउने गरी सामाजिक विवाद तथा द्वन्द्वको व्यवस्थापन गर्नुपर्दछ ।

**३. जनसंख्या वृद्धिका कारणहरु के के हुन् ? जनसंख्या वृद्धिले विकासोन्मुख राष्ट्रमा पार्ने असरहरुबारे विवेचना गर्नुहोस् । (What are the reasons of population growth? Explain the impacts of population growth in the developing nations.)**

## जनसङ्ख्या वृद्धिका कारणहरू

कुनै निश्चित स्थानमा निश्चित समयमा बसोबास गरेका मानिसहरूको सम्पूर्ण सङ्ख्यालाई त्यस स्थानको जनसङ्ख्या (Population) भनिन्छ । जनसङ्ख्या विभिन्न कारणहरूले गर्दा थप घट भैरहन्छ । जसलाई जनसंख्या परिवर्तन भनिन्छ । यसले जनसङ्ख्या वृद्धि र जनसंख्याको कमी दुवै अवस्थालाई बुझाउँछ । जनसंख्या परिवर्तनको एक पाटोको रुपमा रहेको जनसंख्या वृद्धिका कारणहरू मुलुक पिच्छे फरक-फरक पनि हुन सक्दछन् । जस्तोकी जनसङ्ख्या वृद्धिका कारणहरू विकसित मुलुक र विकासोन्मुख एवं अल्पविकसित मुलुकमा समान नहुन पनि सक्दछन् । तथापी जनसङ्ख्या वृद्धिका मूलभुत कारणहरूलाई देहाय वमोजिम उल्लेख गर्न सकिन्छ –

| जनसङ्ख्या वृद्धिका कारणहरू | |
|---|---|
| + मुलुकमा वढ्दो गरिवी तथा पछौटेपन, | + मौजुदा सामाजिक तथा धार्मिक अन्धविश्वास, |
| + जन्मदरको तुलनामा मृत्युदरमा कमी, | + औसत आयुमा वृद्धि र वाल मृयुदरमा कमी, |
| + समाजमा व्याप्त अशिक्षा तथा कुरीति, | + परिवारको उचित व्यवस्थापनको अभाव रहनु, |
| + खुला सीमाना तथा बसाईसराई, | + छोरा प्रधान पितृसत्तात्मक समाज, |
| + परिवार नियोजनका साधन सर्वसुलभ तथा कार्यक्रम प्रभावकारी नहुनु, | + परिवार व्यवस्थापन सम्बन्धि निर्णय प्रकृयामा महिलाको उचित प्रतिनिधित्व हुन नसक्नु, |
| + छिटो विवाह तथा अत्याधिक प्रजननदर, | + प्रभावकारी महिला विकास कार्यक्रमको अभाव, |
| + कानूनी रुपमै प्रतिवन्धित वाल तथा वहुविवाहको प्रचलन कायमै रहनु, | + रोजगारी तथा मनोरञ्जनको साधनको कमीले यौनिक समागम कार्यमा वृद्धि, |
| + स्थायी/अस्थायी बसोवास/ नागरिकता वितरणको प्रकृया सरल हनु, | + राज्यले सानो परिवारलाई प्रोत्साहित गर्ने प्रभावकारी कार्यक्रमहरू ल्याउन नसक्नु । |
| + विश्वका कतिपय मुलुकहरूमा शरणार्थी, घरेलु कामदार र विस्थापित जनसङ्ख्याको चाप रहनु, | + गर्भाधान देखि बालबच्चाको पालनपोषण सम्मका हरेक क्रियाकलापमा जैविक एवं मानवीय कारणले बाबुले कम जिम्मेवारीको महसुश गर्नु आदि । |

## जनसंख्या वृद्धिले विकासोन्मुख राष्ट्रमा पार्ने असरहरू

जनसंख्या वृद्धिले राष्ट्रहरुमा सकारात्मक तथा नकारात्मक दुवै असरहरू पार्ने गर्दछ । राष्ट्र निर्माणका लागि आवश्यक पर्ने पर्याप्त मानव श्रोत साधन (जनशक्ति) को उपलब्धता जनसंख्या वृद्धिबाट नै प्राप्त हुन सक्दछ । यदि बढ्दो जनसंख्या वृद्धिबाट प्राप्त मानव स्रोत साधनको यथोचित उपयोग एवं व्यवस्थापन गर्न सकेमा त्यसबाट सकारात्मक परिवर्तन (विकास) हासिल गर्न सकिन्छ भने यथोचित उपयोग एवं व्यवस्थापन गर्न नसकिएमा नकारात्मक असरहरूबाट मुलुक ग्रस्त हुन जान्छ । विकसित राष्ट्रहरूको तुलनामा विकासोन्मुख राष्ट्रहरूले बढ्दो जनसंख्याको यथोचित उपयोग एवं व्यवस्थापन गर्न नसक्ने यथार्थताले गर्दा जनसंख्या वृद्धिले विकासोन्मुख राष्ट्रमा सकारात्मक भन्दा पनि नकारात्मक असरहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ गरिवी एवं भोकमरीको समस्या सिर्जना हुने,
★ बेरोजगारी तथा विदेश पलायनको अवस्था आउने,
★ नागरिकलाई गाँस, बास र कपासको यथोचित व्यवस्था गर्न राष्ट्रहरू असमर्थ हुने,
★ नागरिकका मौलिक हकको रुपमा रहने शिक्षा, स्वास्थ्य, स्वच्छ खानेपानी एवं सरसफाई जस्ता अधिकारहरूको ग्यारेन्टी गर्न नसक्ने अवस्था सिर्जना हुने,
★ नागरिकहरूबीच "बाँच्नका लागि संघर्ष" का विविध स्वरुपहरूले स्थान पाई शान्ति सुव्यवस्था कायम गर्नमा समस्या पर्ने,
★ पूर्वाधार विकासमा खर्च गर्नुपर्ने पुँजी जनसंख्याको भरणपोषणमा खर्च गर्नुपर्ने अवस्था,

Question Bank Nepal

- ★ सामाजिक सुरक्षाको लागि आवश्यक पर्ने बालबालिका, महिला तथा बृद्धहरूको जनसंख्या वृद्धि भई ती वर्गको सुरक्षाको लागि राष्ट्रले ठूलो धनराशी लगानी गर्नुपर्ने,
- ★ जनसंख्या वृद्धिका कारण विकासोन्मुख मुलुकहरूमा दिनप्रतिदिन पर्यावरणीय असन्तुलनको समस्या बढ्दै गएको,
- ★ वनजंगल, जल, जमिन आदि प्राकृति स्रोतहरूको चरम दोहनका कारण दिगो विकासले स्थान नपाउने,
- ★ जनसंख्या वृद्धिको कारण समाजमा बढ्दै जाने सामाजिक द्वन्द्व र विवादका कारण विस्थापन, शरणार्थी, प्रतिभा पलायन जस्ता समस्या सिर्जना हुने आदि ।

अन्त्यमा, जनसंख्या वृद्धि आजको विश्वमा अवसरभन्दा पनि चुनौतिको रुपमा अगाडि आएको छ । झन् विकसित देशहरूमा भन्दा विकासोन्मुख तथा अल्पविकसित राष्ट्रहरूमा जनसंख्या वृद्धिले गम्भीर समस्याहरू सिर्जना गरी नकारात्मक असर पारिरहेको पाइन्छ । जसअन्तर्गत गरिबी, बेरोजगारी, अशिक्षा, वातावरण प्रदुषण, अशान्ति, असुरक्षा, विस्थापनलाई उदाहरणको रुपमा लिन सकिन्छ । त्यसैले विकासोन्मुख राष्ट्रहरूले जनसंख्याको उचित व्यवस्थापनमा आफ्ना प्रभावकारी कदमहरू अगाडि बढाई जनसंख्या वृद्धिबाट पुगिरहेको र अझ पुग्न सक्ने नकारात्मक असरलाई कम गर्दै लैजानु आजको आवश्यकता भइसकेको छ ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. वैदेशिक लगानी भन्नाले के बुझ्नुहुन्छ ? आर्थिक विकास र वैदेशिक लगानीको अन्तरसम्बन्धको विवेचना गर्नुहोस् । (What do you mean by Foreign Investment? Describe the interrelation between Economic development and Foreign Investment.)**

**वैदेशिक लगानी (Foreign Investment)**

सामान्य अर्थमा देशको आर्थिक एवम् समग्र विकासका लागि विदेशी लगानीकर्ता (संस्था/व्यक्ति) मार्फत् प्राप्त गरेको लगानी जसमा लगानीकर्ताको नाफा/आय आर्जन गर्ने उद्देश्य समेत रहेको हुन्छ, त्यसलाई वैदेशिक लगानी भनिन्छ । व्यापक अर्थमा भन्दा निश्चित आय (नाफा/ब्याज/ लाभांश) प्राप्त गर्ने उद्देश्यले कुनै अर्को देशको उद्योग वा व्यवसायिक क्षेत्रमा गरिने लगानीलाई लगानीकर्ताको तर्फबाट विदेशमा गरिएको लगानी भनिन्छ भने वैदेशिक लगानी प्राप्त कर्ताको दृष्टिमा देशको आर्थिक विकास लागि विदेशी संस्था, बहुराष्ट्रिय कम्पनी वा व्यक्तिद्वारा मुनाफामूलक क्षेत्रमा गर्ने लगानी भन्ने बुझिन्छ ।

वैदेशिक लगानीमा लगानीकर्ता व्यक्ति, संस्था वा कम्पनी र लगानी प्राप्त कर्ता राष्ट्र गरी दुई पक्ष हुन्छन् । जसका नाफा/आय प्राप्त गर्ने र राष्ट्रको विकास गर्ने दुई अलग अलग उद्देश्य हुन्छन् । वैदेशिक लगानी पनि प्रत्यक्ष र पोर्टफोलियो गरी दुई प्रकारका हुन्छन् ।

लगानीबाट प्राप्त हुने फाइदको उपभोग लगानीकर्ता र लगानी प्राप्त कर्ता दुवै राष्ट्रहरूले गर्न सक्ने गरी कुनै विदेशी राष्ट्र, संघ, संस्था, कम्पनी वा व्यक्तिद्वारा गरिने लगानीलाई प्रत्यक्ष वैदेशिक लगानी भनिन्छ । भने, विदेशी कम्पनीका share एवम् धितोपत्र (Securities) खरिद गरी अल्पकालीन एवम् अप्रत्यक्ष रुपले कम्पनीको व्यवस्थापनमा सहभागी हुने गरी गरिएको लगानीलाई पोर्टफोलियो वैदेशिक लगानी भनिन्छ ।

प्रत्यक्ष र पोर्टफोलियो दुवै किसिमका वैदेशिक लगानी देशको आर्थिक विकास लागि उत्तिकै महत्वपूर्ण हुने भएता पनि नेपाल जस्तो अल्पविकसित राष्ट्र जहाँ विकासका लागि पर्याप्त मात्रामा लगानी गर्ने क्षमता सरकारी र स्वदेशी निजी क्षेत्रमा कमी रहने हुँदा त्यस्ता राष्ट्रहरूमा प्रत्यक्ष वैदेशिक लगानी अझ महत्वपूर्ण हुने गर्दछ ।

**आर्थिक विकास र वैदेशिक लगानीको अन्तरसम्बन्ध**

- ★ विश्वका जुनसुकै विकसित र शक्तिशाली राष्ट्र भएतापनि स्रोत साधनको सीमितता जहाँ सुकै रहन्छ त्यसैले देशको आर्थिक विकासका लागि वैदेशिक लगानी अपरिहार्य हुन्छ ।
- ★ कुनै पनि देशको सरकार राष्ट्र विकासको मुख्य कर्ता भए तापनि ऊ मात्र एक्लोकर्ता भने होइन, देश विकासका लागि स्वदेशी, निजी एवं अन्य विकासका साझेदारको समेत उत्तिकै भूमिका रहन्छ तर स्वदेशी निजी क्षेत्रको लगानी मात्र विकासका लागि पर्याप्त नहुने हुँदा विदेशी लगानीको आवश्यकता पर्दछ ।
- ★ विश्वव्यापीकरणको प्रभावस्वरुप विश्व अर्थतन्त्र एक आपसमा अन्तरनिर्भर र एकीकृत बन्दै गएको वर्तमान समयमा विदेशी लगानी बिनाको देशको आर्थिक विकास सम्भव हुन कठिन छ ।
- ★ नेपालको सन्दर्भमा भन्दा सन् २०२२ सम्ममा देशलाई अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नती गर्न वार्षिक ७.५% देखि ८% सम्मको आर्थिक वृद्धिदर आवश्यक पर्ने र सोको प्राप्तिका लागि वार्षिक ७ देखि ८ खर्बको लगानी आवश्यक पर्नेमा

Question Bank Nepal

सरकारी स्तरबाट पुँजीगत खर्चमा ८५-९० अर्ब मात्र लगानी गर्न सक्ने र बाँकी लगानीका लागि स्वदेशी निजी क्षेत्र सक्षम नभइसकेको अंवस्थामा हाम्रो आर्थिक विकास वैदेशिक लगानीमा नै निर्भर रहेको छ भन्न सकिन्छ ।

★ अन्तर्राष्ट्रिय अन्तरनिर्भरताको वर्तमान समयमा कुनै पनि मुलुकले विदेशी लगानी बिना विकास गर्नु असम्भव छैन साथै यो पनि छर्लङ्ग छ कि विश्वका विकसित मुलुकहरू विदेशी लगानी आकर्षित गरी वैदेशिक लगानीकै माध्यमबाट विकसित भएका छन् ।

अन्त्यमा सन् २०२२ सम्ममा नेपाललाई अल्पविकसित मुलुकबाट विकासशील मुलुकमा स्तारोन्नति गर्नका लागि ७ देखि ८% को तीव्रतर तथा दिगो आर्थिक वृद्धि आवश्यक पर्नेमा आ.व. २०७०/०७१ मा ५.२% को मात्र आर्थिक वृद्धि हासिल भएको र चालु आ.व. मा पनि ६% को आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखिएकोमा सो लक्ष्य प्राप्तिका लागि पर्याप्त मात्रामा वैदेशिक लगानी भित्र्याउन हाम्रो निर्विकल्प आवश्यकता हो जसका लागि विद्यमान कानूनी व्यवस्थामा परिवर्तनका साथै प्रक्रियागत जटिलता र संस्थागत कमजोरीहरूलाई हटाउन अपरिहार्य छ ।

**५. "गरिबी र बेरोजगारी बीच अन्योन्याश्रित सम्बन्ध छ" पुष्टि गर्नुहोस् । ("Poverty and unemployment are inter-related". Prove this statement.)**

**गरिबी र बेरोजगरीबीचको अन्तरसम्बन्ध**

*"गरिबी र बेरोजगारी कुनै पनि समाजका असक्षम सन्तानहरू हुन् जसले समाजलाई सभ्य एवम् समृद्ध हुनुबाट रोक्दछन् ।"*

गरिबी र बेरोजगारी बीच सकारात्मक अन्तरसम्बन्ध रहेको छ, गरिबीले गर्दा मानिस बेरोजगार हुन पुग्दछ भने बेरोजगारीले गर्दा मानिस गरिबीको अवस्थाबाट माथि उठ्न सक्दैन । जब मानिस गरिब हुन्छ उसको जीवनको अधिकांश समय जीवन निर्वाहका लागि परिश्रम गर्दा र बाधाहरूसँग लड्दैमा बित्दछ । गरिबीकै कारण मानिसले स्वास्थ्य रहनका लागि आवश्यक पर्ने पोषणयुक्त खाना प्राप्त गर्न सक्दैन र शारीरिक एवम् मानसिक स्वास्थ्यका हिसाबले कमजोर एवम् अस्वस्थ हुन पुग्दछ । फलतः उसले कुनै किसिमको काम गर्न सक्ने क्षमता राख्दैछ र ऊ बेरोजगार बन्न पुग्छ ।

गरिबीकै कारणले गर्दा व्यक्तिले उचित शिक्षा प्राप्त गर्न एवम् क्षमता विकास गर्न सक्दैन । फलस्वरुप उसले रोजगारी प्राप्त गर्न सक्दैन र प्राप्त गरिहालेमा पनि न्यून वेतनमा निकृष्ट किसिमको श्रम गर्न ऊ बाध्य हुन पुग्दछ । त्यस्तै गरी बेरोजगार व्यक्तिले आर्थिक अभावमा आफ्ना दैनिक आवश्यकता एवम् क्षमता विकासका लागि खर्च जुटाउन सक्दैन । फलतः ऊ गरिब बन्न पुग्दछ ।

गरिबी र बेरोजगारीको बीचमा अन्योन्याश्रित सम्बन्ध रहन्छ यी दुवैले कुनै पनि समाजमा उपस्थिति एकैसाथ जनाउँदछन् । किनकी एकको अभावमा अर्को रहन सक्दैनन् । जस्तो यदि मानिस आर्थिक रुपले सम्पन्न छ भने उसले रोजगारीका लागि भौतारिइरहनु पर्दैन आफूँसँग भएको आर्थिक स्रोत लगानी गरेर स्वरोजगार बन्न सक्छ भने मानिस रोजगार भएर रोजगारीबाट प्राप्त आयले उसले आफ्ना आवश्यकता परिपूर्ति गर्दै आफ्नो क्षमता विकासमार्फत जीवन स्तरमा सुधार ल्याउन सक्दछ जसले गर्दा ऊ गरिबीको स्तरभन्दा माथि रहेको हुन्छ ।

गरिबी र बेरोजगारी नितान्त व्यक्तिगत समस्या मात्र नभएर समग्र समाज र राष्ट्रकै समस्या हुन् । यिनीहरूले समाज र राष्ट्रलाई समुन्नत हुनबाट रोक्दछन् किनकी राज्यले आफ्नो बजेटको ठूलै हिस्सा उनीहरूको (गरिब र बेरोजगार) संरक्षणका लागि लगाउनुपर्ने हुन्छ ।

गरिबी र बेरोजगारीले गर्दा व्यक्ति गरिबीको दुष्चक्र (Vicious Circle of Poverty) बाट माथि उठ्न सक्दैन किनकी गरिब हुनुको कारण व्यक्तिले शारीरिक एवम् मानसिक (स्वास्थ्य र शिक्षा) का दृष्टिले आफूलाई सक्षम बनाउन सक्दैन । फलस्वरुप उसले रोजगारी प्राप्त गर्न सक्दैन र ऊ पुनः गरिबीकै अवस्थामा फर्कन्छ । यहाँ बेरोजगारी भन्नाले व्यक्तिले कुनै पनि काम प्राप्त गर्न नसकेको अवस्था मात्र नभएर आफ्नो क्षमता भन्दा (कम) तल्लो स्तरको काम, न्यून पारिश्रमिक प्राप्त हुने गरी गरिने काम एवम् अर्ध तथा लुकेको बेरोजगारीलाई समेत बुझिन्छ ।

अन्त्यमा हाम्रो मुलुक विकासमा पछाडि पर्नुको विभिन्न कारणहरू मध्ये हाम्रो आर्थिक एवम् मानवीय गरिबी र बेराजगारीलाई प्रमुख कारणको रुपमा लिन सकिन्छ । त्यसैले राजनीतिक एवम् प्रशासनिक संयन्त्रमा सुशासनको प्रत्याभूति गरी लक्षित समुदायको वास्तविक अवस्था एवम् आवश्यकतामा आधारित पर्याप्त रोजगारीका अवसरहरू सिर्जना गर्दै गरिबी निवारणका कार्यक्रमहरू सञ्चालन गर्न नसकिएमा बेरोजगारीको अन्त्य गर्न र गरिबी निवारण गर्नमा सहयोग पुग्न जाने देखिन्छ ।



Question Bank Nepal

## Section (C) - 10 Marks × 3 Questions = 30 Marks

**६. विकासको लागि सरकारी र निजी क्षेत्रबीच सहकार्यको अवधारणाबारे विवेचना गर्नुहोस् । नेपालमा यस अवधारणाको भविष्य कस्तो देख्नुहुन्छ ? (Explain the concept of Public Private Partnership (PPP) for development. How do you see the future prospects of this concept in Nepal.)**

### विकासमा सरकारी-निजी सहकार्य (PPP)

निजी–सार्वजनिक साझेदारी भनेको पूँजी तथा प्रविधि लगायतका साधन–स्रोतहरू ठूलो मात्रामा आवश्यक पर्ने आर्थिक पूर्वाधार निर्माण जस्ता क्षेत्रमा अतिरिक्त साधन परिचालन र व्यवस्थापन कुशलता बढाउन निजी र सार्वजनिक निकायबीच गरिने सहकार्य हो ।

पछिल्लो समयमा विकासको लागि सरकारी र निजी क्षेत्र बीचको सहकार्य लाई महत्वका साथ लिने गरेको पाईन्छ । सेवा व्यवस्थापन र साधन परिचालनको वैकल्पिक रणनीतिको रुपमा विकास भएको निजी-सार्वजनिक साझेदारी (PPP) ले यस्तो परम्परागत रुपमा पूर्वाधार संरचना विकासमा राज्यको मात्र संलग्नतालाई अपूर्ण संझदै निजी क्षेत्र र सार्वजनिक क्षेत्रको सहयोग एवं सहकार्यबाट मात्र पूर्वाधार विकासमा तिव्रता दिन सकिने कुराको वकालत गर्दछ ।

परम्परागत कार्यविधि र लगानी प्रक्रिया माथिको नवीन अवधारणाको रुपमा आएको PPP अवधारणामा सरकारको नीति तथा सहयोग, निजीक्षेत्रको लगानी तथा उद्यमशीलता उद्योग र सामुदायिक क्षेत्रको समर्थन एकै स्थानमा रहने गर्दछ । लगानीमैत्री वातावरण र प्राविधिक अग्रसरता नभैकन निजी–सार्वजनिक साझेदारीको रणनीति कार्यान्वयन हुन सक्दैनन् ।

निजी–सार्वजनिक साझेदारीका पूवर्शतका रुपमा मूलत : नीति तथा कानूनी वातावरण (Legal reform), जोखिम न्युनीकरणका उपाय अवलम्बन (Innovative options to visit mitigation), सहज र सरल प्राप्ति (Good practices of procurement process), पूँजी बजारको विकास (Capital market development) लाई लिने गरिन्छ ।

नेपालमा पनि विकासका लागि सरकारी र निजी क्षेत्र बीचको सहकार्यको अवधारणालाई महत्व दिदैं उक्त अवधारणालाई मूर्त रुप दिने कानूनको रुपमा **पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ कार्यान्वयनमा ल्याईएको छ ।** उक्त ऐनको प्रस्तावनामा "मुलुकले अङ्गिकार गरेको उदार अर्थतन्त्रको नीति अनुरुप पूर्वाधार संरचनाको निर्माण, सञ्चालन तथा हस्तान्तरणमा निजी क्षेत्रलाई संलग्न गराई सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने" भन्ने उल्लेख गरिएबाट पनि के प्रष्ट हुन्छ भने नेपाल जस्ता अल्पविकसित मुलुकहरूमा आर्थिक पूर्वाधारहरूको विकासको लागि पनि निजी-सार्वजनिक सहकार्य (PPP) महत्वपूर्ण रहेको छ ।

सेवा प्रवाह/निर्माणको प्रकृति र स्वामित्व संरचनाका आधारमा PPP स्वरुपलाई विभिन्न किसिममा बर्गिकरण गर्न सकिने हुदा निजी-सार्वजनिक साझेदारीका बहु-ढाँचाहरू रहेका छन्, भन्न सकिन्छ । हाम्रो ऐनले पनि साझेदारीका विभिन्न आठ स्वरुपको समेत उल्लेख गरेको पाईन्छ ।

### नेपालमा निजी-सार्वजनिक सहकार्य अवधारणको भविश्य

कुनै पनि मुलुकको विकास गर्ने प्रमुख पक्ष सरकार हुने र विकासको अन्तिम जिम्मेवारी त्यस मुलुकको सरकारमै रहने भएता पनि सरकार मात्र विकासको एक्लो पक्ष मात्र होइन, देशको विकास गर्ने कायमा निजी क्षेत्रको पनि उत्तिकै महत्व रहेको हुन्छ ।

हामीकहाँ विकासका आवश्यकता अत्यन्त धेरै रहेका र सो आवश्यकता पूर्ति गर्नका लागि सरकारको एक्लो प्रयासले मात्र नसकिने र निजी क्षेत्रले मात्रै त्यस्ता कार्य गर्नका लागि निजी क्षेत्र पूर्ण रुपमा सक्षम भइनसकेको अवस्थामा सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणाको सुरुवात भएको हो ।

विकासका विभिन्न ठूला स्तरका पूर्वाधार निर्माणमा ठूलो मात्रामा लगानी गर्नुपर्ने र सोको लाभ तत्कालैन प्राप्त नहुने हुनाले निजी क्षेत्र एक्लै लगानी गर्न आकर्षित नहुने र त्यस्ता विकासका पूर्वाधार (विद्युत, सडक) निर्माणमा तिव्रता दिनुपर्ने वर्तमान अवस्थामा सार्वजनिक निजी साझेदारी (PPP) हाम्रा लागि अति आवश्यक र भविष्यमा पनि उत्तिकै सम्भावना रहेको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३४ को उपधारा ४ मा स्वदेशी निजी एवम् सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र, आत्मनिर्भर एवम् उन्नतिशील बनाउनु राज्यको मूलभूत आर्थिक उद्देश्य हुने उल्लेख गरेको र धारा ३५ को उपधारा २ मा सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट मुलुकको अर्थतन्त्रको विकास गर्ने नीति राज्यले अवलम्बन गर्ने उल्लेख गरेको अवस्थामा नेपालमा PPP को दिगो भविष्य रहेको कुराको प्रत्याभूति संविधानले नै गरेको छ ।

Question Bank Nepal

वर्तमान तेह्रौं आवधिक योजना (२०७०/७१–२०७२/७३) ले पनि देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य हासिल गर्न विकास प्रक्रियामा निजी, सरकारी र सहकारी क्षेत्रको योगदान अभिवृद्धि गरी समावेशी, फराकिलो र दिगो आर्थिक वृद्धि गर्ने रणनीति लिएको र सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई विकासका प्रमुख साझेदार मान्दै देश विकासमा प्रत्येकको भूमिका समेत स्पष्ट रुपमा उल्लेख गरेको अवस्थामा सार्वजनिक निजी साझेदारीको अवधारणाको भविष्य अझै रहेको देखिन्छ।

सरकारले वर्तमान समयमा सार्वजनिक, निजी र साझेदारी क्षेत्रलाई विकासका साझेदारका रुपमा अघि सारेको भएता पनि सहकारी क्षेत्र राष्ट्रिय अर्थतन्त्र/विकासमा योगदान गर्न सक्षम भई नसकेको अवस्थामा सार्वजनिक निजी साझेदारीको अवधारणाको सान्दर्भिकता र आवश्यकता अझै रहेको छ ।

चालु आ.व. २०७१/०७२ को बजेटले पनि निजी क्षेत्रलाई विकासको प्रमुख साझेदारको रुपमा लिई विकासका ठूला पूर्वाधार (विशेषतः जलविद्युत/ऊर्जा) क्षेत्रमा सार्वजनिक निजी साझेदारीको अवधारणालाई उच्च महत्व दिएको अवस्थामा यस अवधारणाको भविष्य अझ व्यापक बन्दै गएको अवस्था छ।

सन् २०२२ सम्ममा मुलुकलाई अतिकम विकसित मुलकबाट विकासशील मुलुकमा स्तरोन्नति गर्न ८ देखि ८% उच्च आर्थिक वृद्धिदर आवश्यक पर्ने र उक्त आर्थिक वृद्धिदर सरकारको एक्लो लगानीले प्राप्त गर्न असम्भव भएको हुँदा सार्वजनिक निजी साझेदारी अवधारणाको आवश्यकता अझै बढ्दै गएको छ।

अन्त्यमा सार्वजनिक निजी साझेदारी अवधारणाको सुरुवात नेपाल जस्तै कम विकसित मुलुकको विकास आवश्यकता पूरा गरी राष्ट्रको विकास गर्नका लागि भएको पाइन्छ र हालसम्म पनि नेपालको विकासको गतिविधिमा नै रहेको अवस्थामा अझै पनि सार्वजनिक निजी साझेदारी (PPP) अवधारणाको औचित्य र उपादेयता उत्तिकै रहेको देख्न सकिन्छ।

**७. अल्पविकसित देशहरुमा दिगो विकासको वातावरणीय आयाम र प्राकृतिक स्रोत साधनमाथिको निर्भरता बीच कसरी सामञ्जस्यता गर्न सकिएला ? चर्चा गर्नुहोस् । (How least-developed countries can harmonize their dependency on natural resources with environmental aspect of sustainable development? Describe.)**

सन् १९८० को दशकसम्म आइपुग्दा सम्म विश्वका विकसित मुलुकहरुले विकासको गतिमा तीव्रता ल्याउँदा सम्म विश्वको (विकसित मुलुकले) प्राकृतिक स्रोत साधनहरुको चरम दोहन भई वातावरणीय असन्तुलन देखा पर्न थाल्यो र संयुक्त राष्ट्रसंघको पहलमा ब्रुटल्याण्ड आयोगले दिगो विकासको अवधारणा सुरु गरेको हो।

दिगो विकासको अवधारणाले सुरुवातकालीन समयमा वातावरणीय आयामलाई मात्र जोड दिएको थियो भने हाल आएर दिगो विकासका आर्थिक, सामाजिक, मानवीय, प्राविधिक, प्रशासकीय र सांस्कृतिक आदि जस्ता आयामको समेत प्रादुर्भाव भएको छ।

दिगो विकासको वातावरणीय आयामले वर्तमानका विकास आवश्यकता पूरा गर्दा भविष्यका पिढिंको आवश्यकतासँग सम्झौता गर्नु हुँदैन अर्थात् त्यति मात्र विकास क्रियाकलाप सञ्चालन गर्नुपर्दछ जति पृथ्वीले धान्न सक्छ र वातावरणीय सन्तुलन बिग्रदैन भन्ने तर्फ जोड दिने गर्दछ।

अल्पविकसित राष्ट्रमा विकासको स्तर एवम् गति कम हुने हुँदा रोजगारीका अवसर पनि कम हुने/नहुने हुनाले मानिसहरू जीवन निर्वाहका लागि वन जंगल तथा अन्य प्राकृतिक साधन माथि निर्भर हुनुपर्ने हुन्छ।

दिगो विकासको वातावरणीय आयामले विकास गर्दा प्राकृतिक साधन एवम् वातावरणीय पक्षमाथि असर पुऱ्याउन नहुने मान्यता राख्ने र अल्पविकसित मुलुकलाई विकसित गराई त्यहाँका जनताले प्राकृतिक स्रोतमाथिको निर्भरता कम गर्नुपर्ने आवश्कता एकातिर रहने र अर्कोतिर रोजगारीको न्यून अवसरका कारण मानिसहरू प्राकृतिक साधन माथि नै भरपर्ने हुँदा अल्पविकसित राष्ट्रमा दिगो विकासको वातावरणीय आयाम र प्राकृतिक स्रोत माथिको निर्भरता बीच सामञ्जस्यता कायम गर्न भने कठिन हुने गर्दछ।

विकासका वातावरणीय आयामलाई मात्र आधार मानेर गरिने विकास अबको समयमा दिगो हुन सक्दैन । यसका लागि अन्य आयामलाई पनि ध्यान दिनुपर्ने हुन्छ । त्यसैले



Question Bank Nepal

विकास क्रियाकलाप सञ्चालन गर्दा निम्न उपाय अवलम्बन गर्न सकिएमा दिगो विकासको वातावरणीय आयाम र प्राकृतिक स्रोत साधन माथिको निर्भरताबीच सामञ्जस्यता कायम गर्न सकिएला :-

★ अल्पविकसित मुलुकले जलस्रोत, वायु उर्जा एवम् सौर्य उर्जा आदि जस्ता नविकरणीय स्रोतको उपयोग गरी आर्थिक वृद्धि गर्न सकेमा प्राकृतिक स्रोत माथिको निर्भरता कम गर्न तथा वातवारणीय पक्षमा सन्तुलन कायम गर्न सकिन्छ ।

★ देशमा उद्योगधन्दाको विकास गर्ने र त्यस्ता उद्योगमा वातावरणमैत्री प्रविधिको उपयोग गरी देशका नागरिकहरूलाई रोजगारीको अवसर सिर्जना गर्ने जसले वातावरण संरक्षणका साथ साथै प्राकृतिक स्रोत माथिको निर्भरतालाई पनि कम गर्न सकिन्छ ।

★ सूचना प्रविधि, दूर सञ्चार एवम् बैंकिङ जस्ता सेवा क्षेत्रको विकास गर्न सकिएमा दिगो विकासको वातावरणीय आयामले राख्ने मान्यता पनि पूरा हुने, प्राकृतिक स्रोतमाथिको निर्भरता पनि कम गर्न सकिन्छ ।

★ वातवारणीय प्रभावको मूल्यांकन गर्दै सडक यातायात लगायतका भौतिक पूर्वाधारको विकास गर्ने जसले गर्दा देशको स्थानीय प्रविधि एवम् सीपको सदुपयोग भई त्यसैबाट आय आर्जन गर्न सकिने र प्राकृतिक स्रोत माथिको निर्भरता कम गर्न सकिने ।

★ परम्परागत कृषि प्रणालीको सट्टा कृषिको आधुनिकीकरण, व्यवसायीकरण र विविधिकरण गरी आर्थिक वृद्धि हासिल गर्ने ।

★ विकासलाई सबै वर्ग र क्षेत्रका मासिनले समान लाभ प्राप्त गर्न सक्ने गरी सन्तुलित र फराकिलो तुल्याउने ।

★ विकासमा कृषि, उद्योग, सेवा, पर्यटन, उर्जा, प्राकृतिक स्रोत सबैको समावेशी योगदान कायम गरी विकासलाई समावेशी बनाउने ।

★ ग्रामीण क्षेत्रमा इन्धनको रुपमा प्रयोग गरिने दाउराको खपतलाई कम गर्न र घर भित्रको प्रदुषण कम गर्न सुधारिएको चुल्हो साथै गोबर ग्याँस प्रविधिको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

**८. नेपालको विकास प्रक्रियामा राज्य र विकेन्द्रीकरणको भूमिकाको विस्तृत विवेचना गर्नुहोस् । (Analyse the role of state and decentralization in the development process of Nepal.)**

**विकास प्रक्रियामा राज्य/सरकारको भूमिका**

राज्यको अवधारणा एवम् कार्यक्षेत्रका सन्दर्भमा समय समयमा विविध किसिमका बहसहरू हुने गरेका भएता पनि कल्याणकारी कार्यमा जस्तै विकास प्रक्रियामा समेत राज्यको अन्तिम दायित्व भने रहेको हुन्छ । राज्य वा सरकारले राष्ट्र विकास प्रतिको आफ्नो दायित्व निम्नानुसारका भूमिका निर्वाह गरी पूरा गर्ने गर्दछ :-

★ विकास निर्माणका लागि आवश्यक ऐन, कानून एवम् नीति नियमहरूको तर्जुमा गरी सोको कार्यान्वयनको अनुगमन एवम् मूल्यांकन गरेर ।

★ विकास कार्यलाई प्राथमिकता निर्धारण गरी उच्च प्राथमिकता प्राप्त आयोजनालाई बजेटको सुनिश्चितता गरेर ।

★ विकासका लागि आवश्यक पर्ने भौतिक, मानवीय एवम् सामाजिक पूर्वाधारहरूको निर्माण गरेर ।

★ विकासको सम्वाहकका रुपमा रहने निजी क्षेत्र, गैर सरकारी क्षेत्र एवम् स्थानीय निकाय तथा नागरिक समाजको प्रवर्द्धनमा सहजीकरण गरेर ।

★ स्वदेशी निजी एवं वैदेशिक लगानी प्रवर्द्धनका लागि लगानी मैत्री वातावरण सिर्जना गरेर ।

★ विकासको प्रतिफल र लाभको समन्यायिक वितरणका माध्यमबाट गरिबी निवारण गरेर ।

★ प्राकृतिक श्रोत साधनको उचित एवम् विवेकपूर्ण उपयोग गर्दै दिगो व्यवस्थापनमा गर्ने ।

★ सामाजिक सुरक्षा एवं संरक्षणको वातावरण मिलाउने आदि ।

**नेपालको विकास प्रक्रियामा विकेन्द्रीकरणको भूमिका**

आजको युग लोकतन्त्रको युग हो । लोकतन्त्रले जनतलाई राज्यव्यवस्थामा बढी भन्दा बढी सरिक गराउने कुरामा जोड दिन्छ । विकेन्द्रीकरण नै जनतलाई शासनमा बढी भन्दा बढी सरिक गराउने प्रभावकारी माध्यमको रुपमा रहेको मानिन्छ ।

जनतालाई समृद्ध बनाई राष्ट्रलाई चौतर्फि विकासको मार्गमा अगाडि बढाउन विकेन्द्रीकरणले देहायअनुसारको प्रभावकारी भूमिका खेल्ने देखिन्छ :-

Question Bank Nepal

- ★ शासन प्रक्रियामा जनताको सार्थक सहभागिता हुने अवसर प्रदान गर्ने।
- ★ प्रशासन संयन्त्रलाई लोकतान्त्रिक बनाउन सहयोग पुऱ्याउने।
- ★ राजनीतिक स्थायित्व कायम गर्दै शासन प्रति जनताको अपनत्व बढाउने।
- ★ ढिलासुस्ती र लालफित्ताशाही जस्ता प्रशासनिक रोगहरूको अन्त्य गर्ने।
- ★ स्थानीय नेतृत्वको विकास गरी निर्णय क्षमता अभिवृद्धि गर्ने।
- ★ स्थानीय समस्या स्थानीय तहबाट नै समाधान गर्ने।
- ★ सबै वर्ग, क्षेत्र, जाति लिंगको शासन प्रणाली तथा राष्ट्रिय विकासमा प्रतिनिधित्व गराउने।
- ★ स्थानीय श्रोत साधनको परिचालनमा प्रभावकारीता ल्याउने।
- ★ सक्रिय जनसहभागितामा विकासको गति तीव्र बनाई सोबाट प्राप्त प्रतिफलको वितरण समानुपातिक बनाउने।
- ★ स्थानीय स्तरमा सुशासनको अभिवृद्धि गर्दै लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास गर्ने।
- ★ स्थानीय तहमा निर्णय गर्ने कार्यमा केन्द्रको मुख ताक्नु नपर्ने हुनाले निर्णय छिटोछरितो हुने।
- ★ विकास र सेवा प्रवाहमा सर्वसाधारणको सरल र सहज पहुँचको स्थिति सिर्जना गर्ने।
- ★ स्थानीय स्वायत्त शासनको चाहनालाई सम्बोधन गर्दै केन्द्र सरकारको कामको जटिलता र व्यापकतालाई सरलीकरण गर्ने।
- ★ विकास निर्माणको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्दै दिगो र जनमुखी विकासको आधारशीला तयार गर्ने।
- ★ सेवा प्रदान गर्ने कार्यमा निजी क्षेत्र र नागरिक समाजको परिचालन गर्ने।
- ★ समावेशीकरण, न्यायोचित वितरण, जनसहभागिता, स्थानीय स्वायत्त शासन, क्षमता अभिवृद्धि एवं सुशासनलाई संस्थागत गर्दै मुलुकको सन्तुलित विकासमा योगदान पुऱ्याउने।

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

**९. नेपालमा उर्जा संकटको सामाजिक तथा आर्थिक सम्वेदनशीलता के के रहेका छन् ? मुलुकमा वैकल्पिक तर वातावरणमैत्री उर्जाका स्रोतको प्रवर्द्धनका लागि चालिनु पर्ने प्रभावकारी उपायका बारेमा सुझाव प्रस्तुत गर्नुहोस्। (What are the social and economic sensitivity of energy crisis in Nepal? Suggest effective measures to be realized for promoting alternative but environment friendly sources of energy in the country)**

**नेपालमा उर्जा संकटको सामाजिक तथा आर्थिक संवेदनशिलता**

देशको सम्वृद्धि एवम् विकासका लागि उर्जाको महत्वपूर्ण स्थान रहन्छ र त्यस्ता उर्जाका स्रोतहरू जैविक, अजैविक, नविकरणीय, अनविकरणीय गरी विभिन्न प्रकारका हुन्छन्। नेपालमा नविकरणीय उर्जाको महत्वपूर्ण स्रोतको रुपमा रहेको जलस्रोतको अथाह भण्डार भएता पनि त्यसको पर्याप्त परिचालन एवम् उपयोग हुन नसक्दा उर्जा संकटको सामना गर्नु परिरहेको छ। उर्जा विकासका लागि अत्यावश्यक स्रोत/माध्यम भएकोले यसको संकटले राष्ट्रमा सामाजिक तथा आर्थिक संवेदनशीलताहरू सघन भएर गइरहेका छन् जसलाई देहायबमोजिम व्यक्त गर्न सकिन्छ :-

**(क) सामाजिक संवेदनशीलता**

- ★ सुरक्षाको दृष्टिले संवेदनशील स्थानमा समेत उर्जा संकटका कारण सुरक्षा दिन नसकिएको हुँदा जनताले असुरक्षा महसुस गर्ने मौका।
- ★ उर्जा संकटका कारण बालबालिकाले उज्लालो वातावरणमा होइन टुकीको भरमा आफ्नो अध्ययन अगाडि बढाउनुपर्ने हुँदा शिक्षाको स्तर स्वास्थ्य अवस्था समेत कमजोर हुने गरेको।
- ★ सूचना प्रविधि एवम् व्यवहारिक तथा जीवनोपयोगी प्राविधिक शिक्षा दिन नसकिँदा देशमा शैक्षिक बेरोजगारीको संख्या बढ्दै गएको।
- ★ अवसरको खोजीमा युवाहरू विदेसिदा समग्र मुलुकको जनसांख्यिक संरचना नै परिवर्तन भई बुढाबुढी र केटाकेटीको संख्या बढ्न गई राज्यको सामाजिक दायित्व बढ्दै गएको।
- ★ हामीकहाँबाट रोजगारीका लागि खाडी मुलुक जाने अधिकांश कामदार अदक्ष भएकाले जोखिमपूर्ण काम गर्नुपर्ने बाध्यताका कारण उनीहरू कमजोर स्वास्थ्य



Question Bank Nepal

लिएर स्वदेश फर्कने हुँदा राज्यको ठूलो रकम स्वास्थ्यकै लागि खर्च गर्नुपर्ने सम्भावना ।

★ उर्जा संकटका कारण स्वदेशमा रोजगारी नपाएर जानेको पारिवारिक सम्बन्धमा नै नकारात्मक प्रभाव पार्ने गरेको जसले सामाजिक सभ्यताको स्खलन एवम् व्यक्तिमा मनोवैज्ञानिक समस्या देखा पर्न गएको ।

**(ख) आर्थिक संवेदनशीलता**

★ उर्जा संकटले गर्दा पर्याप्त उद्योग धन्दाको विकास हुन नसकेको र स्थापित उद्योगहरू मध्ये कतिपय उद्योग बन्द भएका तथा उद्योग पनि पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा रोजगारीको अवसर कम हुन गई बेरोजगारी बढेको ।

★ बढ्दो उत्पादन लागतले गर्दा स्वदेशी उत्पादनले विदेशी/आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्दा स्वदेशी उद्योग धराशायी बन्न पुगेका र अर्थतन्त्र आयातमुखी भएको ।

★ विकासका सामाजिक तथा भौतिक पूर्वाधार विकास हुन नसक्दा मुलुकले उच्च आर्थिक वृद्धिदर एवम् विकास गर्न नसकिएको ।

★ देशभित्रै पर्याप्त रोजगारीको अवसर सिर्जना गर्न नसक्दा एकातिर सक्षम जनशक्ति विदेशिनु परेको छ भने अर्कोतर्फ सञ्चालित उद्योगलाई श्रम शक्तिको अभावमा उच्च श्रम लागत व्यहोर्नु परेको छ ।

★ एकातिर सिँचाइको अभावमा आकाशे पानीका भरमा कृषि उत्पादन गर्नुपर्ने र अर्कोतर्फ युवा जनशक्ति विदेशिएका कारण कृषियोग्य जमिन बाँझै रहन गई कृषि क्षेत्रको वृद्धिदर कम भएको र खाद्यान्नका लागि समेत आयातमा भरपर्नु पर्ने अवस्था सिर्जना भएको छ ।

★ उर्जा संकटले गर्दा कृषिजन्य तथा औद्योगिकरणजन्य उपभोग्य वस्तुको उत्पादन लागत बढी ती वस्तुमा अत्याधिक मूल्य वृद्धिले गर्दा आम नागरिक ती वस्तुहरू उपभोग गर्न नसक्ने अवस्थामा गुज्रिरहेका छन् ।

**वातावरणमैत्री वैकल्पिक उर्जाको प्रवर्द्धनका उपायहरू**

★ अनविकरणीय उर्जाको सट्टा नविकरणीय उर्जाको प्रयोगलाई बढावा दिने ।

★ उपभोक्ता एवम् सर्वसाधारणलाई जिवांश इन्धनको प्रयोगबाट पर्न जाने नकारात्मक प्रभाव र वैकल्पिक उर्जाको प्रयोगबाट पर्ने सकारात्मक प्रभावका बारेमा सचेतिकरण गर्ने ।

★ देशमा उपलब्ध जलस्रोतको उपयोग गरी जलविद्युतको पर्याप्त उत्पादन गर्ने ।

★ लघु जलविद्युत, सौर्य उर्जा, वायु उर्जा, जैविक उर्जा आदिको उत्पादनका लागि सर्वसाधारणलाई अनुदान दिने ।

★ सवारी साधनहरूका लागि आवश्यक इन्धनमा सजिवन जस्ता बोटविरुवाबाट उत्पादन हुने इन्धनको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

★ पेट्रोलियम पदार्थको निश्चित इथानोलको प्रयोग गर्नुपर्ने सरकारी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

★ ग्रामीण क्षेत्रमा हुने दाउराको प्रयोगबाट घरभित्र उत्सर्जन हुने धुँवाको प्रदुषणलाई कम गर्न सुधारिएको चुल्हो जस्ता धुँवारहित प्रविधिको प्रयोगका लागि उपभोक्तालाई अनुदान दिने एवम् प्रोत्साहन गर्ने ।

★ पर्याप्त मात्रामा वनजंगलको संरक्षण गर्ने, जलविद्युत एवम् गोबर ग्याँस प्लान्ट, सौर्य उर्जा, वायु उर्जा आदि जस्ता वैकल्पिक उर्जाको प्रयोग गरी Carbon Trading को माध्यमबाट अन्तर्राष्ट्रिय स्तरमा वैदेशिक मुद्रा आर्जन गर्न सकिने कुरामा सबैलाई जानकारी एवम् उत्प्रेरित गराउने ।

★ बढि पेट्रोलियम पदार्थ खपत गर्ने तथा प्रदुषण गर्ने सवारी साधनको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक उर्जाको प्रयोग गरी सञ्चालन हुने वातावरणमैत्री सवारी साधनको प्रयोगलाई प्रवर्द्धन गर्ने ।

अन्त्यमा उर्जा संकट हाम्रो मुलुकको समग्र विकासका लागि मुख्य बाधकको रुपमा रहेको अवस्थामा जलविद्युतका साथसाथै अन्य वैकल्पिक उर्जाका स्रोतको पनि उत्पादन गर्न सकिएमा उर्जाको अभाव पूर्ति गर्न सकिन्थ्यो कि ।

**१०. जलवायु परिवर्तन भनेको के हो ? जलवायु परिवर्तनका असरहरु र ती असरहरुलाई कम गर्न अपनाउनु पर्ने उपायहरु उल्लेख गर्नुहोस् । (What is climate change? Mention the effects of climate change and the measures to mitigate those effects.)**

**जलवायु परिवर्तन (Climate Change)**

जलवायु परिवर्तन पृथ्वीको प्राकृतिक प्रक्रियाभित्र पर्ने गतिविधि हो । जलवायु परिवर्तन भन्नाले लामो समयको जलवायु सम्बन्धी तथ्यांकको नियमिततामा देखिने स्थायी प्रकृतिको परिवर्तनलाई बुझिन्छ । जस अनुसार बेला बेलामा मौसमा आउने अस्थायी प्रकृतिको उचार चढावलाई जलवायु परिवर्तन मान्न सकिन्न । अर्थात समयको अन्तरालमा पृथ्वीको वायुमण्डलको तापक्रम, हावाको बहाव र वर्षातमा हुने घटबढको कारण पृथ्वी तथा यसको कुनै भागमा औसत

Question Bank Nepal

मौसममा हुने महत्वपूर्ण परिवर्तनलाई जलवायु परिवर्तन भनिन्छ ।

वैज्ञानिकहरूले सन् १९६० को दशकपछि पृथ्वीमा भएको द्रुत औद्योगिक विकास तथा जनसंख्या वृद्धिले ल्याएका नकारात्मक असरका कारण पृथ्वीमा जलवायु परिवर्तन भएको तथ्य अगाडि ल्याएको पाइन्छ । जलवायु परिवर्तन सम्बन्धी UN महासन्धि, १९९२ अनुसार "जलवायु परिवर्तन भन्नाले प्रत्यक्ष परोक्ष रुपमा मानव क्रियाकलापसँग सम्बन्धित भई विश्व वायुमण्डलको संरचनालाई परिवर्तन गर्ने र तुलनात्मक समयावधिभित्र प्राकृतिक रुपमा परीक्षण भएको जलवायु परिवर्तनलाई जनाउँछ ।"

पृथ्वीले सूर्यबाट सौर्य विकिरणमार्फत तापशक्ति प्राप्त गर्छ र पृथ्वीले तापशक्तिका लागि सूर्यबाट जति सौर्य विकिरण प्राप्त गर्दछ त्यति नै विकिरण पुनः अन्तरीक्षमा फिर्ता पठाउँछ, जसले गर्दा पृथ्वीको वायुमण्डलको तापक्रम स्थिर रहन्छ तर कुनै कारणविशेष विकिरणको लेनदेनमा घटबढ हुन गई असन्तुलन हुन गएमा पृथ्वीको वायुमण्डलको तापक्रम घटबढ हुन गई जलवायुमा परिवर्तन आउँछ ।

पछिल्लो समयमा वनजंगलको विनास, कोइला, खनिजजन्य इन्धन जस्ता जीवाशेष इन्धनको अत्याधिक प्रयोग, औद्यागिकीकरण आदिजस्ता क्रियाकलापहरूका कारण मिथेन, नाइट्रस अक्साइड, कार्बन डाइअक्साइडजस्ता हरित गृह ग्यास र ओजन तह विनास गर्ने क्लोरोफ्लोरो कार्बन जस्ता अन्य विषाक्त ग्याको उत्सर्जन दिन प्रतिदिन वायुमण्डलमा बढ्दै गई परिवर्तिन विकिरणहरू वायुमण्डलमै रोकिनाले पृथ्वीको ताक्रम वृद्धि हुँदै गई जलवायु परिवर्तनमा टेवा पुऱ्याई रहेको छ ।

जलवायु परिवर्तनकै कारणले नेपालमा प्रतिवर्ष औसत ०.०४ डिग्री सेल्सियसका दरले तापक्रम बढिरहेको छ । यो विश्वव्यापी औसत वृद्धिभन्दा धेरै बढी हो । विश्वव्यापी रुपमा बढेको जलवायु परिवर्तन सम्बन्धी समस्याका लागि मूलतः कार्बनडाइअक्साइड ग्याँसको अधिक उत्सर्जक विश्वका औद्योगिक तथा धनी राष्ट्रहरू जिम्मेवार रहेता पनि नेपाल जस्ता विकासोन्मुख तथा अल्पविकसित मुलुकहरूले जलवायु परिवर्तनबाट बढी कठिनाइ भोग्नु पररहेको छ ।

**जलवायु परिवर्तनका असरहरू**

विश्वव्यापी रुपमा देखिँदै गएका जलवायु परिवर्तनका नकारात्मक असरहरूलाई देहायका बुँदाहरूमा उल्लेख गर्न सकिन्छ :-

★ हिउँ पग्ली हिमनदी एवं हिमतालको स्वरुपमा आउने अस्वाभाविक परिवर्तनले हिम पहिरो, बाढी, हिमताल विस्फोटन आदिका कारण धन, जन तथा भूमिको क्षयको समस्या बढिरहेको ।

★ प्रकृतिबाट अपूर्व वरदानका रुपमा पाएका सुन्दर हिमचुचुरा, हिमताल र नदीनालाहरू कालान्तरमा संकटमा पर्ने स्थिति रहेको ।

★ वर्षाको कारण र तापक्रममा आएको परिवर्तनले अतिवृष्टि, अनावृष्टि, तुफान, चकवात, बाढीपहिरो, आँधिबेहरी, सुख्खाजस्ता प्राकृतिक विपदको जोखिम समेत बढिरहेको ।

★ पृथ्वीको ताफक्रम वृद्धि हुँदै गएकाले साविकको समयभन्दा पहिले बिरुवामा फूल लाग्ने र चराले चाँडै अण्डा पार्ने गरेको, जसले गर्दा पंक्षी तथा अन्य जनावरको खाद्य चक्रमा असन्तुलन हुन गई सिंगो पारिस्थितिक प्रणालीमा नै खलल हुने सम्भावना बढेको ।

★ तापक्रमको वृद्धिसँगै झिँगा तथा लामखुट्टेको पनि वृद्धि भई मलेरिया, पहैंलो ज्वरो, डेङ्गु, इन्सेफलाइटिसजस्ता सरुवा रोगको प्रकोप बढ्दै गएको ।

★ मानवका लागि घातक नयाँ एवं असाध्य रोगहरूको फैलावट आदिले नागरिक स्वास्थ्यमा नै नकारात्मक असर परेको ।

★ कृषि एवं पशुपालनका लागि घातक मिचाहा झार तथा रोगकीराको आगमन तथा कृषिजन्य उत्पादन चक्रमा परिवर्तनले उत्पादनमा ह्रास आई भोकमरी हुन गई व्यापक बसाईसराइको अवस्था आइसकेको ।

★ तापक्रमका साथै वर्षातको समय, मात्रा र अवधिमा आएको परिवर्तनका कारणले कृषि उत्पादन र खाद्य सुरक्षामा थप नकारात्मक असर देखिन थालेको ।

★ तराईमा अत्याधिक गर्मी बढ्दै र हिमाली क्षेत्रमा समेत तापक्रम बढेर हिउँ पग्लने क्रम तीव्र रुपमा विस्तार हुँदै गएको ।

★ पहाडी भागमा ससाना खोल्सा, मूलकुवा आदि पानीका स्रोत सुक्दै जान थालेका छन् भने तराई भागमा भूमिगत पानीको सतह घट्न गएको आदि ।

मूलतः नेपालजस्ता विकासोन्मुख तथा अल्पविकसित मुलुकहरू, त्यसमा पनि ती मुलुकहरूमा बस्ने गरिब, सीमान्तकृत एवं पछाडि पारिएका समूहलाई अझ जोखिममा पार्दछ र सीमान्तकृत एवं जोखिममा परेका समूहले जलवायु परिवर्तनका नकारात्मक असरहरूबाट बढी कठिनाइ भोग्नु परिरहेको छ ।

Question Bank Nepal

**जलवायु परिवर्तनका असर कम गर्न अपनाउनुपर्ने उपायहरू :**

★ CO2 सोसकको रुपमा रहेको वनजंगल क्षेत्रको संरक्षण तथा विस्तार गर्नुपर्ने ।

★ हिमचुचुरा देखि सहरबजार सम्म व्याप्त फोहोरमैला तथा प्रदुषण व्यवस्थापन गर्नुपर्ने ।

★ भौगोलिक विविधता (हिमाल, पहाड तथा तराई) को दिगो संरक्षण गर्नुपर्ने ।

★ प्रत्येक घरमा ऊर्जा बचतको प्रविधि लागू गर्दै वातवारणमैत्री पूर्वाधार विकासमा जोड दिने ।

★ कार्वन सञ्चितिकरणमा संलग्न समुदायको लागि आर्थिक तथा प्राविधिक सहजीकरण सेवा प्रदान गरी अधिकतम फाइदा हुने अवस्था सिर्जना गर्ने ।

★ हरितगृह ग्यास उत्पादनमा कमी ल्याउन वैकल्पिक ऊर्जालाई एक प्रमुख उपायको रुपमा प्रयोग गर्नुपर्ने ।

★ जलवायु परिवर्तन न्यूनीकरण एवम् वातावरण संरक्षणका सम्बन्धमा हालसम्म गरिएका सन्धि सम्झौता पूर्ण पालना गर्ने ।

★ वर्षात्को पानी संकलन गर्ने र जमिनमुनीको पानीको पनि संरक्षण गर्ने ।

★ जलवायु परिवर्तन अनुकूलनका लागि प्रदुषण नियन्त्रण गर्न सहयोगी हुने खालका नयाँ प्रजातीहरूको विरुवा लगाउने ।

★ पर्यावरण अनुकूल वैकल्पिक उर्जाको समुचित प्रयोगमा जोड दिनुपर्ने ।

★ विद्यालयको सम्पूर्ण तहमा वातवारण शिक्षाको पाठ्यक्रम समावेश गरी भएका पाठ्यक्रमको अद्यावधिक र स्तरीकरण गरिनुपर्दछ ।

अन्त्यमा, सन् २००७ को जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी कार्यदल र सन् २००९ मा जलवायु परिवर्तनसम्बन्धी कोपनहेगन सम्मेलनको प्रतिवेदनले विश्वभरिको जलवायुको तथ्यांकलाई आधार मान्दै विश्वको तापक्रम बढ्दै गएको, वर्षामा थपघट भएको र विश्वका विभिन्न ठाउँमा यसका असर देखा परेको कुरा वैज्ञानिक रुपमा पुष्टि गरेको छ भने भविष्यमा हरितगृह ग्याँसको मात्रा अहिलेका अनुपातमा बढ्दै गएको खण्डमा अझ स्थिति भयावह हुने कुरालाई इंगित गरको छ । तसर्थ हरितगृह ग्याँस उत्सर्जनमा कमी ल्याउन स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा साझा प्रयासको खाँचो टड्कारो देखिएको छ ।

Question Bank Nepal

# ३. लोकसेवा आयोगद्वारा २०७१ सालमा सोधिएका प्रश्नहरू र समाधान

## प्रश्नहरू

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

1. द्वन्द्वको परिभाषा गर्दै नेपालको सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न के कस्तो व्यवस्थाको आवश्यकता रहेको छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ? (Define the term conflict and describe your opinion abot the requirements for social and cultural transformation in Nepal.) 10
2. नेपालमा सामाजिक न्याय र समानताको लागि राज्यबाट अवलम्बन गरिएका नीति र कार्यक्रमहरुको विवेचना गर्नुहोस् । (Discuss the policies and programmes undertaken by the state in Nepal for the social justice and equality.) 10
3. विगत जनगणनाको तुलनामा २०६८ को जनगणनामा जनसंख्या वद्धिदर कम हुनाका कारणहरु उल्लेख गर्नुहोस् र जनसंख्या वृद्धिबाट अर्थतन्त्रमा पार्ने प्रभावबारे विवेचना गर्नुहोस् । (Clearly present the reason of low rate of population increase in 2068 census in comparision to the past census and discuss the effects of population increase in national economy.) 10

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

4. मुलुकको प्रभावकारी आर्थिक विकासको लागि तीन खम्बे आर्थिक नीति (सरकारी, निजी र सहकारी) कतिको प्रभावकारी हुने ठान्नुहुन्छ ? विवेचना गर्नुहोस् । (Discuss the effectiveness of the three pillar economic policy (public, private and co-operative)for the overall economic development of the country.) 10
5. नेपालमा वैदेशिक सहायताको महत्वबारे प्रकाश पार्दै वैदेशिक सहायतालाई प्रभावकारी रुपमा परिचालन गर्न के कस्ता उपायहरु अवलम्बन गर्नुपर्ला ? उल्लेख गर्नुहोस् । (Highlighting the importance of foreign aid in Nepal, describe the measures that should be taken for effective mobilization of foreign aid.) 10

**Section (C) - 10 Marks × 3 Questions = 30 Marks**

6. "दिगो विकास" को अवधारणा उल्लेख गर्दै नेपालको दिगो विकासका प्रमुख व्यवधानहरु उल्लेख गर्नुहोस् । (Clearly spell out the concept of 'sustainable development" and also mention the major hindrance of the sustainable development in Nepal.) 10
7. आजको विश्वमा विकासका सर्वसम्बन्धित (Cruss-cutting) तथा समसामयिक विषय के के हुन् ? तपाईंको विश्लेषणमा यी विषयहरुको प्रभावकारी संयोजन गर्नका लागि नेपालको वर्तमान आवधिक योजनाको दस्तावेजमा कसरी आत्मसात तथा मूलप्रवाहीकरण गरिएको पाउनु भएको छ ? (What are cross-cutting and contemporary issues of development in the present world? In your analysis, how such issues of development are internalized and mainstreamed in Nepal's mpresent periodic plan document for bringing effectiveness?) 10
8. नेपालको आर्थिक सामाजिक विकासमा सामाजिक सांस्कृतिक परम्परा, सामाजिक मूल्य र मान्यताले पुऱ्याएको नकारात्मक र सकारात्मक भूमिकाको चर्चा गर्नुहोस् । (Describe the positive and negative roles of socio-cultural tradition, social values and norms on the socio-economic development of Nepal.) 10

**Section (D) - 10 Marks × 2 Questions = 20 Marks**

9. नेपालमा वन विनाश हुनाका कारणहरु उल्लेख गर्दै त्यसबाट परेका असरहरुको विवेचना गर्नुहोस् । (Mentioning the reasons of deforestation, discuss the effects of deforestation in Nepal.) 10
10. जलस्रोतको धनी देश भएर पनि नेपालमा उर्जा संकट हुनुका कारणहरु के हुन् ? साथै सो संकटबाट मुक्ति पाउन के गर्नु पर्दछ ? उल्लेख गर्नुहोस् । (In spite of being a rich country in water resources, what are the causes of having energy crisis in Nepal? And, mention what needs to be done to get rid of such crisis?) 10

Question Bank Nepal

# २०७१ सालमा सोधिएका प्रश्नहरुको समाधान

**Section (A) - 10 Marks × 3 Questions = 30 Marks**

**१. द्वन्द्वको परिभाषा गर्दै नेपालको सामाजिक र सांस्कृतिक रुपान्तरण गर्न के कस्तो व्यवस्थाको आवश्यकता रहेको छ ? आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ? (Define the term conflict and describe your opinion about the requirements for social and cultural transformation in Nepal.)**

### द्वन्द्वको परिभाषा

सामान्य बुझाइमा द्वन्द्व तनाव वा संघर्षको अवस्था हो जुन अवस्थामा एक पक्षले अर्को पक्षको स्वार्थ, लक्ष्य, उद्देश्य प्राप्त हुन दिँदैन अर्थात् दुई वा सो भन्दा बढी पक्षहरूबीच विचार, दृष्टिकोण, आवश्यकता, मूल्य, मान्यता, चिन्तन आदिमा हुने भिन्नताका कारणले उत्पन्न हुने बेमेलको अवस्था नै द्वन्द्व हो ।

समाजमा बसोबास गर्ने दुई वा सो भन्दा बढी व्यक्ति वा समूहबीच विचार, आवश्यकता र स्वार्थमा हुने विभिन्नताका कारणबाट विवाद वा झगडा हुनु नै सामाजिक विवाद वा द्वन्द्व हो । अर्थात् समाजमा हुने बेमेल एवम् विरोधाभाषको अवस्था नै सामाजिक विवाद वा द्वन्द्व हो । सामाजिक द्वन्द्व समाजको कुनै वर्ग, समूह, सम्प्रदाय र व्यक्तिहरूबीच हुने अन्तरविरोधको अवस्था हो । समाजमा विभिन्न सोच, चिन्तन, विचारधारा, मूल्यमान्यता, सामाजिक आर्थिक अवस्था वा आकांक्षा बोकेका मानिसहरू रहेका हुन्छन् र तिनको स्वार्थ, लक्ष्य र आवश्यकतामा फरकपन रहन सक्दछ जसले समाजमा द्वन्द्वको सिर्जना गर्नमा बल पुऱ्याउँछ । सामाजिक विवाद वा द्वन्द्व समाज विकासका लागि आवश्यक छ ।

### नेपालमा सामाजिक सांस्कृतिक रुपान्तरण गर्न आवश्यक पर्ने व्यवस्थाहरू

सामान्य अर्थमा सामाजिक व्यवहार, चालचलन, मूल्य मान्यता तथा सामाजिक मानकहरूमा हुने फेरबदल नै सामाजिक रुपान्तरण हो, जुन सकारातमक किसिमको हुन्छ । नेपाली समाजमा सदियौ देखि मानिदै आएका थुप्रै सकारात्मक तथा नकारात्मक सामाजिक मूल्य मान्यता तथा संस्कृति रहेका छन् । असल सामाजिक संस्कार र संस्कृतिलाई जगेर्ना गर्दै नकारात्मक संस्कृतिलाई परिवर्तन र रुपान्तरण गर्न सकिएमा मात्र समाज समय सापेक्ष रुपमा परिस्कृत र विकसित हुँदै जान सक्छ । नेपाली समाजमा बोक्सी, धाँमी झाँक्री, प्रथा, कथित उच नीच जात बीचको विभेद जस्ता सामाजिक कुरीति र कुसंस्कृति व्याप्त छ । सामाजिक कुसंस्कारकै कारण नवलपरासीमा एक जना निर्दोष बालकलाई देवताको नाममा बली चढाइएको त्रासदी पूर्ण घटना अझै ताजै छ । यस्ता कुसंस्कारको अन्त्य गरी सामाजिक, सांस्कृतिक रुपान्तरण मार्फत एक सभ्य र विकसित समाजको निर्माण गर्न राज्यद्वारा निम्न व्यवस्थाहरू अवलम्बन गर्न आवश्यक देखिन्छ :-

★ छुवाछुतलाई संवैधानिक रुपमै अन्त्य गरी यसलाई कानुनी रुपमा दण्डनीय बनाइएकोमा संविधान तथा कानुनका प्रावधानहरूको कार्यान्वयनका लागि जनचेतना तथा यसका सकारात्मक प्रभावहरूको बारेमा व्यापक रुपमा प्रचार प्रसार गर्नुपर्ने,

★ भावी पुस्तामा आफ्नो मौलिक संस्कृति प्रतिको चेतना जगाउन स्कुल स्तरदेखि नै यस सम्बन्धी शिक्षाको व्यवस्था गरिनु पर्ने,

★ विशेष गरी आर्थिक रुपमा कमजोर व्यक्तिलाई नै समाजले विभिन्न किसिमका आरोप र लाञ्छना लगाई तिरस्कृत गर्ने हुनाले गरिब तथा दलितको सामूहिक उत्थानका कार्यक्रम बनाई लागू गर्ने,

★ अशिक्षा तथा चेतनाको अभावका कारण सामाजिक कुरीतिले जरा गाडेको हुनाले सामाजिक चेतना फैलाउने,

★ सामाजिक कुरीति तथा अन्धविश्वासलाई प्रश्रय दिने र अरुलाई यातना दिनेलाई कडा भन्दा कडा कानुनी कारबाहीको व्यवस्था गर्ने,

★ अझै पनि सामाजिक, सांस्कृतिक रुपान्तरणका लागि आवश्यक कानुनी व्यवस्थाको अभाव रहेकोले सो सम्बन्धमा कानुन बनाई कार्यान्वयनमा ल्याउने,

★ समाजमा अरु वर्गको लागि सकारात्मक प्रभाव तथा विश्वास जगाउन शिक्षित वर्गबाट सकारात्मक व्यवहारको शुरुवात गर्नुपर्दछ ।

★ सामाजिक, सांस्कृतिक रुपान्तरण राजनीतिक दलहरूको प्राथमिकतामा नपरेको अवस्थामा राजनैतिक तहबाट यसलाई राजनैतक प्रशिक्षणको विषयवस्तुको रुपमा प्रयोग गरिनु पर्दछ ।

★ प्रादेशिक एवम् क्षेत्रीय सन्तुलन सहितको विकास योजना बनाई सोको प्रभावकारी कार्यान्वयनका माध्यमद्वारा पिछडिएको क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याउने ।

Question Bank Nepal

अन्त्यमा कुनै पनि समाज वा राष्ट्रको मौलिक संस्कृति सो समाजको पहिचान हो तर समाजमा केही त्यस्ता संस्कृति र मान्यता हुन्छन्, जसले समाजलाई परिस्कृत र विकसित हुनमा बाधा सिर्जना गरिरहेको हुन्छन् । त्यस्ता कुसंस्कार तथा कुसंस्कृतिको न्यूनीकरण गर्दै समाजलाई समय सापेक्ष रुपमा रुपान्तरण गर्नका लागि माथि उल्लेख गरिएका व्यवस्थाहरूलाई राज्य एवम् सरोकारवाला सबै पक्षको सहभागिता र साझेदारीमा कार्यान्वयन गरिनु पर्दछ ।

**२. नेपालमा सामाजिक न्याय र समानताको लागि राज्यबाट अवलम्बन गरिएका नीति र कार्यक्रमहरूको विवेचना गर्नुहोस् । (Discuss the policies and programmes undertaken by the state in Nepal for the social justice and equality.)**

**नेपालमा सामाजिक न्याय र समानताको लागि राज्यबाट अवलम्बन गरिएका नीति र कार्यक्रमहरू**

समाजमा हरेका सदस्यहरूबीच कायम रहेको आर्थिक र सामाजिक असमानता हटाई उपलब्ध स्रोत तथा साधनहरू एवम् लाभ र हानीको समान हिस्सेदार गराई न्यायपूर्ण सामाजिक व्यवस्था स्थापनार्थ समान अवसर प्रदान गर्न राज्यद्वारा चालिने क्रियाकलाप नै सामाजिक न्याय र समानता हो । अर्को शब्दमा भन्दा समाजमा सबै वर्ग, क्षेत्र, समुदायका बीचमा हुने सबै प्रकारका भेदभाव र शोषण अन्त्य गर्दै समानतामा आधारित सम्बन्ध स्थापित गरी सबैको पहिचान, सम्मान, मर्यादा कायम गर्नु नै सामाजिक न्याय र समानता हो ।

नेपालमा राज्यका तर्फबाट सामाजिक न्याय र समानताका लागि ठोस पहलको कार्य, २०४७ को राजनैतिक परिवर्तन पछि शुरु भएको देखिन्छ । हाल राज्यद्वारा अवलम्बन गरिएका सामाजिक न्याय र समानताको लागि राज्यद्वारा अवलम्बन गरिएका नीति तथा कार्यक्रमहरूलाई निम्नानुसार बुँदाहरूमा सूचीबद्ध गर्न सकिन्छ :-

**(१) नेपालको संविधान, २०७२**

- प्रस्तावनामा सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने कुरा उल्लेख छ
- आमा र बाबुको नामबाट लैंगिक पहिचान सहितको नेपालको नागरिकताको प्रमाणपत्र पाउन सक्ने व्यवस्था (धारा १२) ।
- राज्यको दायित्व, नीति तथा निर्देशक सिद्धान्तहरूमा महिला, दलित, मधेशी, थारु, मुस्लिम, मजदुर, आदिवासी जनजाति तथा पिछडिएको क्षेत्रको उत्थान र विकासका लागि विविध व्यवस्था गर्ने उल्लेख ।
- मौलिक हक अन्तर्गत समानताको हक, छुवाछुत तथा जातीय भेदभाव विरुद्धको हक, महिलाको हक एवम् सामाजिक न्याय सम्बन्धी हकको व्यवस्था गरी सामाजिक न्याय र समानता कायम गर्न प्रयास गरिएको ।
- राष्ट्रिय मानव अधिकार आयोग लगायतका आयोगमा पदाधिकारी नियुक्त गर्दा समावेशी आधारमा गर्ने उल्लेख ।
- 10 संविधानको धारा २५२ मा राष्ट्रिय महिला आयोग, धारा २५५ मा राष्ट्रिय दलित आयोग, धारा २५८ मा राष्ट्रिय समावेशी आयोग, धारा २६१ मा आदिवासी जनजाति आयोग, धारा २६२ मा मधेशी आयोग, धारा २६३ मा थारु आयोग र धारा २६४ मा मुस्लिम आयोगको व्यवस्था ।
- सबै वर्ग, क्षेत्र र समुदायको शासनमा सहभागिता र प्रतिनिधित्वको लागि मिश्रित निर्वाचन प्रणालीको व्यवस्था ।
- पैत्रिक सम्पत्तिमा छोरीको पनि छोरा सरह हक हुने ।

(२) ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ विविध व्यवस्था सहित कार्यान्वयनमा आएको ।

(३) निजामती सेवा ऐन, २०४९ र नियमावली, २०५० मा पनि सामाजिक न्याय र समानताका लागि विविध व्यवस्था गरिएको, जस्तै :

- कुनै पदमा खुला प्रतिस्पर्धाबाट पूर्ति कुने कुल पदको ४५% पद महिला, आदिवासी जनजाति, मधेशी, दलित, पिछडिएको क्षेत्र र अपांगका लागि आरक्षित गरिएको,
- महिला कर्मचारीका लागि परीक्षणकालको समय ६ महिना मात्र ।
- महिला एवम् अपांगका लागि सेवा प्रवेशको उमेरको हद ४० वर्ष कायम गरिएको ।
- कुनै पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधिमा महिला, आ.ज., मधेशी, दलित, पिछडिएको क्षेत्र र अपांगका लागि १ वर्ष कम सेवा अवधि भएपनि पुग्ने व्यवस्था रहेको ।

Question Bank Nepal

(४) तेह्रौं आवधिक योजना (२०७०/०७१-२०७२/७३) मा सामाजिक न्याय र समानताका सम्बन्धमा प्राथमिकता दिइएको ।

**कार्यक्रमगत व्यवस्था**

- ★ ज्येष्ठ नागरिक, विधवा तथा लोपोन्मुख र सीमान्तकृत समुदायका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा भत्ताको व्यवस्था,
- ★ कर्णाली आयोग, दलित आयोग, महिला आयोग जस्ता विविध संस्थागत संरचनाको स्थापना गरिएको,
- ★ कामका लागि खाद्यान्न, सबैका लागि शिक्षा, सुनौला हजार दिन आदि जस्ता कार्यक्रमहरू कार्यान्वयनमा रहेका,
- ★ प्राथमिक तहको शिक्षा मातृभाषामा समेत लिन पाउने व्यवस्था,
- ★ गोरखा पत्र तथा रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता राष्ट्रिय सञ्चार माध्यमद्वारा विभिन्न भाषामा कार्यक्रम सञ्चालन गरिनें ।

अन्त्यमा भन्दा सामाजिक न्याय र समानता कुनै पनि राज्य व्यवस्थाको आदर्श गन्तव्य हो । हाम्रो देशमा पनि समाजमा सामाजिक न्याय र समानताको स्थापनाका लागि विविध नीतिगत एवम् कार्यक्रमगत व्यवस्था गरिएको छ । तथापि यस्ता कार्यक्रमहरूले सबै वर्ग र क्षेत्रका मानिसहरूलाई समेट्न नसकिरहेको सन्दर्भमा सामाजिक न्याय र समानता कायम गर्न अवलम्बन गरिने नीति तथा कार्यक्रमहरूलाई अझै विस्तारित र व्यवस्थित बनाउँदै लैजान आवश्यक देखिन्छ ।

**३. विगत जनगणनाको तुलनामा २०६८ को जनगणनामा जनसंख्या वद्धिदर कम हुनाका कारणहरू उल्लेख गर्नुहोस् र जनसंख्या वृद्धिबाट अर्थतन्त्रमा पर्ने प्रभावबारे विवेचना गर्नुहोस् । (Clearly present the reason of low rate of population increase in 2068 census in comparision to the past census and discuss the effects of population increase in national economy.)**

**विगतको जनगणनाको तुलनामा २०६८ को जनगणनामा जनसंख्या वृद्धिदर कम हुनाका कारणहरू**

कुनै पनि देशको जनसंख्या उक्त राष्ट्रका लागि सम्पत्तिको रुपमा रहेको हुन्छ । तर उक्त जनसंख्याको संयोजन र वृद्धिदर कस्तो छ भन्ने विषयले राज्यका नीति तथा कार्यक्रम एवम् विकास गतिविधिहरू प्रभावित हुने गर्दछन् । सामान्यतया विकसित देशको तुलनामा अविकसित र कम विकसित मुलुकमा जनसंख्या वृद्धिदर अत्यधिक हुने गर्दछ । हाम्रो देको जनसंख्या वृद्धिदर पनि केही समय अगाडि अत्याधिक थियो भने २०६८ सालको जनगणनामा उक्त वृद्धिदर कम भएको देखिन्छ । यसरी जनसंख्या वृद्धिदर कम हुनुका कारणहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

- ★ नागरिकमा आएको सचेतना एवम् कानुनी प्रावधानका कारण बाल विवाह र बहुविवाहमा कमी आउनु,
- ★ छोरा र छोरीमा भेदभाव नगरी छोरा हुन् वा छोरी सन्तान भए पुग्छ भन्ने मान्यतामा विकास,
- ★ नागरिकको औसत आयुमा वृद्धि एवम् शिशु मृत्युदर कम हुँदा खुद जन्मदरमा कमी,
- ★ बच्चा उत्पादन गर्न सक्ने जनसंख्या रोजगारीका लागि विदेश जानुपर्ने बाध्यता,
- ★ महिलालाई सन्तानोत्पादनको साधनका रुपमा हेरिने दृष्टिकोणमा सुधार,
- ★ महिला पुरुष दवै जना कामकाजी हुनाले सन्तानोत्पादन तर्फ सोच पुऱ्याउन समय नहुनु,
- ★ जनसंख्या नियन्त्रणका लागि सरकारका निरोधात्मक, प्रवर्द्धनात्मक एवम् सचेतनामूलक कार्यक्रमको संख्या र प्रभावकारितामा वृद्धि हुनु,
- ★ गर्भ निरोधका साधनको प्रयोगमा बढोत्तरी एवम् स्वास्थ्य सेवामा नागरिकको बढ्दो पहुँच ।

**जनसंख्या वृद्धिबाट अर्थतन्त्रमा पर्ने प्रभाव**

जनसंख्या वृद्धिले अर्थतन्त्रमा सकारात्मक र नकारात्मक दुवै खाले प्रभाव पार्ने गर्दछ । वाञ्छित स्तर सम्मको जनसंख्या वृद्धिले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्दछ भने अत्याधिक तीव्र जनसंख्या वृद्धिले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्दछ । जनसंख्या वृद्धिबाट अर्थतन्त्रमा पर्ने सकारात्मक एवम् नकारात्मक प्रभावलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

**सकारात्मक प्रभाव**

- 10★ राष्ट्रमा विकास निर्माणका गतिविधिमा तीव्रता आउँछ,
- ★ देशको अर्थतन्त्र चलायमान गराउन मद्दत पुग्दछ,
- ★ राष्ट्रले Demograhic dividend प्राप्त गर्न सक्दछ,
- ★ सक्रिय जनसंख्याको मात्रामा वृद्धि हुँदा देशले विकासको गोरेटो पहिल्याउन सक्छ,

Question Bank Nepal

★ विकासका गतिविधिहरुलाई सन्तुलित बनाउन मद्दत गर्दछ,

★ राजस्व वृद्धिमा सघाउ पुग्दछ,

**नकारात्मक प्रभाव**

★ राज्यद्वारा प्रभावित सेवाहरुको वितरणमा नकारात्मक प्रभाव पार्छ,

★ अत्याधिक जनसंख्या वृद्धि हुँदा जनसंख्याको आधारमा रोजगारी सिर्जना नहुँदा बेरोजगारीको समस्या बढ्न सक्दछ ।

★ सामाजिक भड्काव तथा द्वन्दको अवस्था सिर्जना हुन जान्छ,

★ उपलब्ध प्राकृतिक स्रोत साधनको चरम दोहन हुन गई प्राकृतिक विचलन आउन सक्छ,

★ धनी र गरिबबीचको फासलामा वृद्धि हुन जान सक्ने देखिन्छ,

★ राष्ट्रको असन्तुलित विकासलाइ प्रश्रय दिन्छ ।

निष्कर्षमा भन्नुपर्दा जनसंख्या कुनै पनि राष्ट्रको निर्धारक तत्व हो । यो बिना राज्यको अस्तित्व रहँदैन । तर अत्याधिक जनसंख्या वृद्धि पनि राष्ट्रको सन्तुलित विकासका लागि प्रत्युत्पादक हुन्छ । वर्तमान समयमा नेपालको जनसंख्या वृद्धि न्यून भएको तर आर्थिक रुपमा सक्रिय जनसंख्या बढेकोले जनसंख्याको लाभ लिने रणनीति बनाउन ढिलो गर्नु हुँदैन ।

**Section (B) - 10 Marks × 2 Questions = 20 Marks**

**४. मुलुकको प्रभावकारी आर्थिक विकसको लागि तीन खम्बे आर्थिक नीति (सरकारी, निजी र सहकारी) कतिको प्रभावकारी हुने ठान्नुहुन्छ ? विवेचना गर्नुहोस् । (Discuss the effectiveness of the three pillar economic policy (public, private and co-operative)for the overall economic development of the country.)**

**मुलुकको समग्र आर्थिक विकासका लागि तीन खम्बे आर्थिक नीतिको प्रभावकारिता**

कुनै पनि मुलुकको समग्र विकासका लागि सरकारको एक्लो प्रयास मात्र पर्याप्त हुन सक्दैन, यसका लागि विकासका सम्पूर्ण साझेदारहरुको सहभागिता र योगदानको उत्तिकै महत्वपूर्ण हुन्छ । हाम्रो जस्तो अल्पविकसित मुलुक जहाँ विकासको महतवपूर्ण साझेदारका रुपमा रहेका निजी क्षेत्रको विकास पर्याप्त मात्रामा नभई सकेको र निजी लगानीकर्ता ठूला ठूला लगानी गर्न सक्षम नभई सकेको अवस्थामा सरकार र निजी क्षेत्रले मात्रै पनि विकासमा सार्थ नतिजा निकाल्न सकिने अवस्था रहँदैन, त्यसैले यस्ता मुलुकमा राष्ट्रिय अर्थतन्त्रमा ठूलो हिस्सा ओगटेको सहकारी क्षेत्रले समेत आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ । यही तथ्यलाई मध्यनजर राख्दै सरकारले ११ औं आवधिक योजना देखि चालु आवधिक योजना सम्म सहकारी, निजी र सहकारी गरी तीन ओटै क्षेत्रको भूमिकालाई स्पष्ट गरेको छ भने अन्तरिम संविधान, २०६३ ले सरकारी, निजी र सहकारी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको सञ्चालन गरिने उल्लेख गरेको छ ।

समग्रमा आर्थिक विकासका लागि तीन खम्बे आर्थिक नीति प्रभावकारी नै मान्न सकिन्छ, जसलाई निम्न तथ्यहरुद्वारा व्यक्त गर्न सकिन्छ :-

★ सरकारको क्षेत्र व्यापक हुने र ऊसँग Coercive power हुने हुनाले सबै क्षेत्रसँग समन्वय गर्दै आर्थिक नीति निर्माण, कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्ने कार्य सरकारी क्षेत्रले गर्दछ ।

★ समग्र आर्थिक गतिविधिहरुको नियमन गर्ने नियामक भूमिका सरकारी क्षेत्रले निर्वाह गर्दछ ।

★ समग्र अर्थतन्त्रको ६६% भन्दा बढी हिस्सा ओगट्ने निजी क्षेत्रले औद्योगिक विकास एवम् पूर्वाधार विकास र सेवा क्षेत्रमा योगदान पुऱ्याउन सक्छ ।

★ निजी क्षेत्रले Corporate Development मा भूमिका निर्वाह गर्दछ ।

★ सहकारी क्षेत्र Community based development मा आधारित हुन्छ । त्यसैले समुदायबाट नै स्रोतको संकलन र परिचालन गरी Social Enterpreneurship को विकास, सामाजिक परिचालन र सहकार्यमा जोड दिन्छ ।

★ 10अर्थतन्त्रको आधार निर्माणमा महत्वपूर्ण एवम् मूल भूमिका निर्वाह गर्ने कार्य सहकारी क्षेत्रले गर्दछ ।

★ हाम्रो मुलुकको अर्थतन्त्र सानो हुनुका साथै राम्रोसँग विकसित भई नसकेको हुनाले कुनै पनि क्षेत्रमा आफैं धेरै सबल छैन । सरकारको एक्लो प्रयासले मात्र सबै क्षेत्रको विकास गर्न सम्भव छैन ।

★ शिक्षा, स्वास्थ्य, पोषण लगायत मानव विकास, सामाजिक न्याय र सुरक्षा तथा विकासका अन्य साझेदारहरु पुग्न नसकेको ठाउँमा सरकारले कार्य गर्नु पर्दछ ।

Question Bank Nepal

★ निजी क्षेत्रले उद्योग, व्यापार, पूर्वाधार विकासमा सहयोग गर्ने र सरकारसँग सहकार्य गर्ने कार्य गर्दै राष्ट्रिय विकासमा टेवा पुऱ्याउन सक्छ।

★ खास गरी ग्रामीण अर्थतन्त्रको विकासमा सहकारी क्षेत्रले योगदान गर्न सक्दछ। स्वरोजगारी लघु तथा घरेलु उद्योग, साना व्यवसाय प्रवर्द्धन र व्यवसायिक कृषि विकासमा सहकारीको प्रभावकारी उपस्थिति देखिन्छ।

समग्रमा सरकारले निजी र सहकारी क्षेत्रसँग साझेदारी गर्दै काम गर्नु सरकारको दायित्व हो भने सरकारको निगरानी र नियमनमा रही सहकार्य गर्नु निजी क्षेत्रको कर्तव्य हो। हाम्रो जस्ता कमजोर अर्थतन्त्र भएको मुलुकमा कुनै पनि क्षेत्र आफैमा सबल नभएको अवस्थामा तीन खम्बे अर्थनीतिको प्रभावकारिता रहेको भन्न सकिन्छ।

**५. नेपालमा वैदेशिक सहायताको महत्वबारे प्रकाश पार्दै वैदेशिक सहायतालाई प्रभावकारी रुपमा परिचालन गर्न के कस्ता उपायहरू अवलम्बन गर्नुपर्ला ? उल्लेख गर्नुहोस्। (Highlighting the importance of foreign aid in Nepal, describe the measures that should be taken for effective mobilization of foreign aid.) 10**

**नेपालमा वैदेशिक सहायताको महत्व**

वर्तमान समयमा विश्वमा त्यस्तो मुलुक सायदै छैन होला, जुन आफैमा आत्मनिर्भर होस्। जतिसुकै विकसित मुलुक भए पनि विश्वका सबै मुलुक कुनै न कुनै रुपले एक आपसमा अन्तरनिर्भर छन्, आत्मनिर्भर होइन। हाम्रो जस्तो अल्पविकसित मुलुक जहाँ विकासका सम्पूर्ण आवश्यकता, राष्ट्रिय प्रयासले मात्र पूरा गर्न सम्भव छैन। त्यस्ता मुलुकका लागि वैदेशिक सहायता रहर नभई आवश्यकता र बाध्यता हो। नेपालमा वैदेशिक सहायताको महत्वलाई संक्षेपमा निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ देशको विकास आवश्यकता र उपलब्ध स्रोत साधन बीचको Resource gap पूरा गर्न।

★ मुलुकमा उपलब्ध आर्थिक, प्राविधिक क्षमता र विकास आवश्यकता बीचको खाडल कम गर्न।

★ अन्तर्राष्ट्रिय साझेदारीका माध्यमद्वारा मुलुकको आधुनिकीकरण गर्नु।

★ परनिर्भरता घटाउँदै मुलुकको अर्थतन्त्रलाई मजबुत बनाउने र भविष्यमा आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु।

★ उत्पादनशील क्षेत्र र पूर्वाधार विकासमा लगानी बढाई मुलुकको समग्र विकासमा योगदान गर्नु।

★ नवीनतम् प्रविधि एवम् प्राविधिक ज्ञान, सीप मुलुकमा भित्र्याउनु र उपयोग गर्नु आदि।

**वैदेशिक सहायतालाई प्रभावकारी रुपमा परिचाल गर्न अवलम्बन गर्नुपर्ने उपायहरू :**

वैदेशिक सहायतालाई उचित तरिकाले परिचालन र उपयोग गर्न सकेमा यसले परनिर्भरता हटाउँदै राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउन मद्दत पुग्दछ भने यसको ठीक ढंगले उपयोग गरिएन भने अर्थतन्त्र झन् कमजोर र परनिर्भर बन्न सक्ने खतरा रहन्छ। नेपालले वैदेशिक सहायता लिन थालेको लामो समय बितिसक्दा पनि राष्ट्रले अपेक्षित नजिता प्राप्त गर्न नसकेको सन्दर्भमा, वैदेशिक सहायताको परिचानलाई प्रभावकारी रुपमा परिचालन गर्ने उद्देश्य सहित नेपाल सरकारले विकास सहायता नीति, २०७१ कार्यान्वयनमा ल्याएको छ। वैदेशिक सहायतालाई प्रभावकारी रुपमा परिचालन गर्नका लागि उक्त विकास सहायता नीतिमा रहेका व्यवस्था गम्भिरतापूर्वक पालना र कार्यान्वयन गर्नुपर्ने देखिन्छ जसलाई निम्नानुसार व्यक्त गर्न सकिन्छ :-

★ कस्तो कस्तो र कुन कुन क्षेत्रमा वैदेशिक सहायता आवश्यकता पर्छ र स्वीकार गर्ने हो भन्ने विषयमा स्पष्ट हुने,

★ वैदेशिक सहायता आवश्यक पर्ने ठूला आयोजनाहरू मात्र छनौट गर्ने,

★ अनावश्यक शर्तहरू राखिएको र राष्ट्रिय हितविपरित हुने वैदेशिक सहायता स्वीकार नगर्ने,

★ विकास सहायतालाई अनिवार्य रुपमा सरकारी बजेट प्रणाली बाट प्रवेश गराउने,

★ वैदेशिक सहायता सँगै सरकारको तर्फबाट गरिने Contribution पनि स्पष्ट गर्ने,

★ विकास सहायता नीतिले तोकेको Thresh Hold भन्दा कम वैदेशिक सहायता स्वीकार गर्दै नगर्ने,

★ राष्ट्रलाई बोझ हुने, सहायता फिर्ता जाने र दाताको स्वार्थ अनुकूलको सहायता स्वीकार नगर्ने,

★ विकास सहायता लिँदा Project tied loan भन्दा Program tied loan लाई प्राथमिकता दिने,

★ वैदेशिक सहायतामा सञ्चालित आयोजना कार्यान्वयनलाई उच्च प्राथमिकता दिने र सार्वजनिक खरिद ऐनका प्रक्रिया पूरा गर्नु नपर्ने व्यवस्था गर्ने,

★ विकास सहायताको लेखा पारदर्शी र व्यवस्थित गर्नुका साथै प्रभावकारी अनुगमन मूल्यांकन प्रणालीको विकास गर्ने,



Question Bank Nepal